NIC ASIA
एन आई सी एशिया बैंक लि.

च.नं. : NICASIA/CS/078-79/227

मिति : २०७९/०१/०२

**श्री नेपाल स्टक एक्सचेन्ज लि.**
**सिंहदरबारप्लाजा, काठमाडौं ।**

विषय : **साधारण सभाको माईन्यूट पठाएको बारे ।**

**महोदय,**

उपर्युक्त विषयमा २०७८/१२/२० मा सम्पन्न यस बैंकको २४ औं वार्षिक साधारण सभाको निर्णय विवरण (माइन्यूट) को प्रतिलिपी यसै पत्र साथ संलग्न गरी पठाईएको व्यहोरा सादर अनुरोध गर्दछौं ।

धन्यबाद ।

**भवदीय,**

**दिपेन कार्की**
**कम्पनी सचिव**

NIC ASIA BANK LTD.
REGISTERED OFFICE
KATHMANDU

**संलग्न :**

१. यस बैंकको चौबीसौं वार्षिक साधारण सभाको निर्णय विवरण (माइन्यूट) १ प्रति ।

# एन आई सी एशिया बैंक लिमिटेडको
## चौबीसौं वार्षिक साधारण सभाको कामकारवाहीको विवरण (निर्णयको माइन्यूट)
## (पाना नं. १ देखि २० सम्म अभिलेख)

**१. वैधानिक सभा :**

एन आई सी एशिया बैंक लिमिटेडको मिति २०७८ फाल्गुण २६ (तदनुसार १० मार्च २०२२) मा सम्पन्न सञ्चालक समितिको ५३४ औं बैठकको निर्णयानुसार बोलाईएको चौबीसौं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री तुलसीराम अग्रवालज्यूको अध्यक्षतामा देहाय बमोजिम सु–सम्पन्न भयो ।

**२. सभा बसेको मिति, स्थान र समय :**

मिति : २०७८ चैत्र २० गते (३ अप्रिल २०२२) आइतबार

समय : विहान ९ बजे

स्थान : आर्मी अफिसर्स क्लब, भद्रकाली, काठमाडौं ।

**३. उपस्थिति :**

सञ्चालकहरुको उपस्थिति:

| | |
|---|---|
| १. श्री तुलसीराम अग्रवाल | - अध्यक्ष (संस्थापक समूह) |
| २. श्री त्रिलोक चन्द अग्रवाल | - सञ्चालक (सर्वसाधारण समूह-प्रतिनिधि एशियन डिष्ट्रिब्यूटर्स प्रा. लि) |
| ३. श्री राजेन्द्र प्रसाद अर्याल | - सञ्चालक (सर्वसाधारण समूह) |
| ४. श्री निकुञ्ज अग्रवाल | - सञ्चालक (संस्थापक समूह) |
| ५. श्रीमती विजया स्वार | - स्वतन्त्र सञ्चालक |

पदाधिकारीहरुको उपस्थिति :

| | |
|---|---|
| १. श्री रोशन कुमार न्यौपाने | - प्रमुख कार्यकारी अधिकृत |
| २. श्री सुधिर नाथ पाण्डे | - नायव प्रमुख कार्यकारी अधिकृत |
| ३. श्री दिनेश भारी | - प्रमुख कानुन अधिकृत |
| ४. श्री रुपेश लुईटेल | - प्रमुख वित्त अधिकृत |
| ५. श्री कमल खड्का | - प्रमुख आन्तरिक लेखापरीक्षण विभाग |
| ६. श्री दिपेन कार्की | - कम्पनी सचिव |

साथै, सभामा चिफ एड्भाइजर श्री जगदीश प्रसाद अग्रवालज्यू, बाह्य लेखापरीक्षक श्री एस ए आर एसोसिएट्स चार्टर्ड एकाउन्टेन्ट्सका प्रतिनिधी श्री रमेश धिताल, बैंकको कानूनी सल्लाहकार अधिवक्ता श्री

NIC ASIA
एन आई सी एशिया बैंक लि.

बालकृष्ण ढकाल, बैंकको शेयर रजिष्ट्रार श्री एन आई सी एशिया क्यापिटल लिमिटेडको तर्फबाट प्रतिनिधी प्रमुख कार्यकारी अधिकृत श्री रमेन्द्र रायमाझी तथा बैंकको निर्वाचन अधिकृत श्री लीलामणी पौडेल समेतको उपस्थिति रहेको थियो ।

## ४. सभाको सूचना तथा आवश्यक विवरण:

चौबीसौं वार्षिक साधारण सभा बस्ने बारेको सूचना र संक्षिप्त वार्षिक आर्थिक विवरण मिति २०७८।११।२७ को राष्ट्रिय दैनिक पत्रिका 'नयाँ पत्रिका' मा र उक्त साधारण सभाको सूचना मिति २०७८।१२।११ गतेको राष्ट्रिय दैनिक पत्रिका 'राजधानी' मा प्रकाशित गरिनुका साथै बैंकको वेबसाईटमा समेत राखी शेयरधनी महानुभावहरुलाई सार्वजनिक रुपले सूचित गरिएको थियो ।

साधारण सभा बस्ने बारेको सूचना तथा आर्थिक वर्ष २०७७/७८ को आर्थिक विवरण सहितको वार्षिक प्रतिवेदन शेयरधनीहरुले बैंकलाई उपलब्ध गराउनु भएको ठेगानामा समेत पठाइएको थियो ।

## ५. सभामा भएका छलफलका विषयहरु :

### छलफल तथा निर्णयका लागि निर्धारित विषयसूची

### (क) सामान्य प्रस्ताव

१. आर्थिक वर्ष २०७७/७८ को सञ्चालक समितिको प्रतिवेदन पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७८ आषाढ मसान्तसम्मको वासलात र आ.व. २०७७/७८ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरणहरु उपर छलफल गरी स्वीकृत गर्ने ।
३. यस बैंक तथा बैंकको सहायक कम्पनी श्री एन आई सी एशिया लघुवित्त वित्तीय संस्था लि. तथा श्री एन आई सी एशिया क्यापिटल लि. को आ.व. २०७७/७८ को वित्तीय विवरण सहितको एकीकृत वित्तीय विवरण उपर छलफल गरी स्वीकृत गर्ने ।
४. लेखापरीक्षण समितिको सिफारिश बमोजिम आर्थिक वर्ष २०७८/७९ को लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने । (कम्पनी ऐन, २०६३ को दफा १११ (३) बमोजिम बहालवाला लेखापरीक्षक श्री एस ए आर एसोसिएट्स चार्टर्ड एकाउन्टेन्ट्स् पुनः नियुक्त हुन योग्य हुनुहुन्छ ।)
५. संस्थापक शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्नुहुने ३ जना सञ्चालक र सर्वसाधारण शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्नुहुने ३ जना सञ्चालकको लागि निर्वाचन गर्ने ।

### (ख) विशेष प्रस्ताव

१. बैंकको प्रवन्धपत्र र नियमावलीमा समसामयिक संशोधन/थप गर्ने ।
२. प्रवन्धपत्र र नियमावली संशोधन स्वीकृतिको क्रममा नियमनकारी निकायबाट कुनै फेरबदल, थपघट गर्न निर्देशन वा सुझाव भएमा सोही बमोजिम गर्न सञ्चालक समितिलाई वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रत्यायोजन गर्ने ।



001214127

Registered Office
Trade Tower Nepal, Thapathali, Kathmandu
Tel: 977-1-5111177/78/79/88 Fax: 977-1-5111180
Swift: NICENPKA www.nicasiabank.com
नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्रप्राप्त संस्था

ISO 9001 Certified Bank

NIC ASIA
एन आई सी एशिया बैंक लि.

३. मिति २०७८/०७/१० मा सम्पन्न सञ्चालक समितिको ५१२औं बैठकले बैंकको स्वतन्त्र सञ्चालकको पदमा ललितपुर जिल्ला, ललितपुर महानगरपालिका, वडा नं. २, सानेपा बस्नुहुने श्रीमती बिजया स्वारलाई नियुक्त गर्ने निर्णय गरेकोमा सो लाई अनुमोदन गर्ने ।

(ग) विविध ।

६. शेयरधनीहरुको उपस्थिति :

| कुल शेयर संख्या | स्वयं उपस्थित सेयरधनी संख्या | प्रतिनिधिपत्रद्वारा उपस्थित सेयरधनी संख्या | जम्मा उपस्थित सेयरधनी संख्या | उपस्थित कुल शेयर संख्या | बाँडफाँड भएको शेयरको सभामा प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| ११,५६,४०,०५३ | ४५७ | २८३ | ७४० | ७,२३,२०,६५४ | ६२.५४% |

७. गणपुरक संख्या एवम् बैधानिकता :

सभाको प्रारम्भमा कम्पनी सचिव श्री दिपेन कार्कीले यस साधारण सभा कम्पनी ऐन, २०६३ को दफा ६७ (२) तथा बैंकको नियमावली बमोजिम बोलाइएको र यस सभामा बैंकको शेयर रजिष्ट्रार श्री एन आई सी एशिया क्यापिटल लिमिटेडका पदाधिकारीले दिनुभएको जानकारी अनुसार शेयरधनी महानुभावहरुको प्रतिनिधित्व तथा उपस्थितिबाट कम्पनी ऐन, २०६३ को दफा ६९, दफा ७३ तथा बैंकको नियमावली बमोजिम गणपूरक संख्या पुग्न गएको हुँदा यस २४ औं वार्षिक साधारण सभा बैधानिक रहेको घोषणा गर्नुभयो ।

८. सभाको अध्यक्षता, आसन ग्रहण र सभा संचालन :

गणपुरक संख्या पुगेको र साधारण सभा बैधानिक रहेकोले सभाको कार्यक्रम संचालनकर्ता समेत रहनुभएका बैंकका प्रमुख कानुन अधिकृत श्री दिनेश भारीले कम्पनी ऐन २०६३ को दफा ७४ (१) तथा बैंकको नियमावलीको नियम ४(७) बमोजिम साधारण सभाको अध्यक्षता गरिदिनुहुन सञ्चालक समितिका अध्यक्ष श्री तुलसीराम अग्रवालज्यूलाई अनुरोध गर्नुभए बमोजिम अध्यक्षज्यूले सभाको अध्यक्षता ग्रहण गर्नुभयो । तत्पश्चात् बैंकका सञ्चालकज्यूहरु, प्रमुख कार्यकारी अधिकृतज्यू, नियमनकारी निकायका प्रतिनिधी लगायत आमन्त्रित शेयरधनी महानुभावहरुलाई आसन ग्रहण गराउनुभयो । तत्पश्चात् राष्ट्रिय गान बजाई अध्यक्षज्यूले दीप प्रज्वलन गरी सभा विधिवत रुपमा प्रारम्भ भयो ।

९. अध्यक्षज्यूको मन्तव्य :

कार्यक्रम संचालनकर्ताले अध्यक्षज्यूलाई आफ्नो मन्तव्य राख्न अनुरोध गर्नुभए बमोजिम अध्यक्षज्यूले सभामा पाल्नुभएका सम्पूर्ण शेयरधनी महानुभावहरु लगायत सभामा आमन्त्रित सबैलाई स्वागत गर्दै सभा समक्ष संलग्न अनुसूची-१ (पाना संख्या ६) बमोजिमको मन्तव्य राख्नुभयो ।



ISO 9001 Certified Bank

0031214128

Registered Office
Trade Tower Nepal, Thapathali, Kathmandu
Tel: 977-1-5111177/78/79/88 Fax: 977-1-5111180
Swift: NICENPKA www.nicasiabank.com
नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्रप्राप्त संस्था

## १०. मन्तव्य, जिज्ञासा, प्रश्न तथा सुझावहरु उपर छलफलका लागि आह्वान

कार्यक्रम संचालनकर्ताले सभामा प्रस्तुत प्रस्तावहरु उपर छलफलको लागि आह्वान गर्नुभए पश्चात् निम्नलिखित शेयरधनी महानुभावहरुले आफ्नो मन्तव्य, जिज्ञासा, प्रश्न तथा सुझावहरु सभामा प्रस्तुत गर्नुभयो :

१. श्री नरसिंह लाल चख्खु
२. श्री शत्रुघ्न श्रेष्ठ
३. श्री चन्द्र नारायण श्रेष्ठ
४. श्री व्यास कुमार शर्मा
५. श्री अशोक उप्रेती
६. श्री राजेश शाक्य
७. श्री ब्रम्हदेव शाक्य
८. श्री शिव प्रसाद पौडेल
९. श्री डमरु बल्लभ घिमिरे
१०. श्री गोगन बहादुर पराजुली
११. श्री लवराज जोशी
१२. श्री कुवेर श्रेष्ठ
१३. श्री भक्ति प्रसाद उप्रेति
१४. श्री कृष्ण कष्यप अधिकारी
१५. श्री रोज कुमार श्रेष्ठ
१६. श्री उत्तम अर्याल
१७. श्री गुणराज भट्ट
१८. श्री सुर्य बहादुर खड्का
१९. सुश्री श्रृजना तिमल्सिना

**छलफलका क्रममा सहभागी शेयरधनी वक्ताहरुले सभामा व्यक्त गर्नु भएको राय सुझाव सहितको उठेका मुख्य मुख्य विषयहरुको सारांश :**

**श्री नरसिंह लाल चख्खु**

बैंकको Performance राम्रो रहेको, वार्षिक विवरण उत्कृष्ट रहेको, व्यवसायिक विधाहरुमा पहिलो नम्बरमा रहेकोमा खुसी व्यक्त गर्दै आगामी आर्थिक वर्षमा बोनस शेयर अधिकतम प्राप्त गर्ने अपेक्षा प्रकट गर्नुका साथै Net Interest Income Ratio ,Business Performance Growth र Earnings Ratio मा बैंकले व्यापक सुधार गरेको विषय इङ्गित गर्नुभयो । बैंकको श्रोत साधनको व्यवस्थापन राम्रो रहेको, कोषको लागत कम गर्न बैंक सफल भएकोमा हर्ष व्यक्त गर्नुका साथै बैंकले Forex Management मा सुधार गर्नुपर्ने सुझाव दिनुभयो । बैंकले निष्कृय कर्जा व्यवस्थापनमा राम्रो प्रगति गरेको इङ्गित गर्दै समयानुकुल Business Policy र Strategy मा परिवर्तन ल्याउन सुझाव दिनुभयो । साथै, बैंकले आगामी समयमा पनि अग्रणी स्थान हासिल गर्नको लागि





Registered Office
Trade Tower Nepal, Thapathali, Kathmandu
Tel: 977-1-5111177/78/79/88 Fax: 977-1-5111180
Swift: NICENPKA www.nicasiabank.com
नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्रप्राप्त संस्था

ISO 9001 Certified Bank

हौसला प्रदान गर्नुभयो तथा शाखाहरुको प्रभावकारी व्यवस्थापन गरी मुनाफामा वृद्धि गर्न सुझाव दिनुभयो । बैंकको सहायक कम्पनीहरुको प्रगति राम्रो रहेको औंल्याउँदै बैंकले नयाँ Product हरु launch गर्न धेरै हदसम्म सफल रहेकोमा गौरव गर्दै अन्त्यमा बैंकको उत्तरोत्तर प्रगतिको कामना गर्दै आफ्नो मन्तव्य टुङ्ग्याउनुभयो ।

**श्री शत्रुघ्न श्रेष्ठ**

छोटो अवधिमा बैंकले अन्य बैंकहरुको दाँजोमा धेरै प्रगति गरकोमा खुशी व्यक्त गर्नुभयो । बैंकको खुद मुनाफा राम्रो रहेको जनाउँदै नयाँ Product हरु विकास गरेकोमा बैंकलाई धन्यवाद दिनुभयो । साथै, धेरै शाखा सञ्जाल रहेको यस बैंकलाई पूँजी कोष अनुपात वृद्धि गर्न तथा समयमै वार्षिक साधारण सभा सञ्चालन गर्न सुझाव दिनुहुँदै आगामी आर्थिक वर्षमा धेरै लाभांश पाउने आशा राख्दै आफ्नो मन्तव्य अन्त्य गर्नुभयो ।

**श्री चन्द्र नारायण श्रेष्ठ**

यस बैंक देशको Leader बैंक भएकोले सोही अनुरुप कार्य गर्न सुझाव दिनुभयो । कोभिड १९ महामारी पछि बैंकको खर्चमा वृद्धि भएकोमा चासो व्यक्त गर्नुभयो । समीक्षा अवधिमा बैंकको निक्षेपमा धेरै वृद्धि भएकोमा हर्ष व्यक्त गर्नुका साथै चालु आर्थिक वर्षमा बढी भन्दा बढी लाभांश प्रदान गर्न आग्रह गर्दै आफ्नो मन्तव्य टुङ्ग्याउनुभयो ।

**श्री व्यास कुमार शर्मा**

बैंकको गत आर्थिक वर्षको Performance उत्कृष्ट रहेको जनाउँदै बैंक २४ बर्ष हुँदाहुँदै ३५ बर्ष भन्दा बढी उमेर रहेका बैंकहरु सँग प्रतिष्पर्धा गरिरहेकोमा गर्व महशुश गर्नुभयो । बैंकले कर्जा, निक्षेप, लगायत विभिन्न विधाहरुमा प्रगति गर्न सफल भएकोमा बैंकलाई हार्दिक बधाई ज्ञापन गर्नुभयो । साथै, बैंकले प्रति शेयर आम्दानीमा वृद्धि गर्न सफल भएको, कुल निष्कृय कर्जालाई ०.५०% मा सिमित गर्न सफल भएकोमा हर्ष व्यक्त गर्नुभयो । अन्य बैंकहरुको दाँजोमा यस बैंकले कुल निष्कृय कर्जा घटाएर धेरै व्यवसायिक प्रगति गर्न सफल भएकोमा सञ्चालक समिति र बैंक व्यवस्थापनलाई हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो । अन्त्यमा, बैंकलाई Capital Conservation Buffer को उचित व्यवस्थापन गर्न, Capital Reserve बढाई शेयरधनीलाई धेरै प्रतिफल प्रदान गर्न तथा Asset Quality मा थप सुधार गर्न आग्रह गर्दै आफ्नो मन्तव्य टुङ्ग्याउनुभयो ।

**श्री अशोक उप्रेति**

बैंकको सञ्चालक समितिमा Faith, Trust र Honesty रहेकोमा उच्च प्रशंसा गर्दै बैंकिङ्ग क्षेत्रमा आफ्नो खुबी र प्रतिभा देखाईसक्नुभएका प्रमुख कार्यकारी अधिकृत राष्ट्रिय गौरव हुनुभएको विचार समेत व्यक्त गर्नुभयो । अब आउने २५औं वार्षिक साधारण सभा भव्य रुपमा मनाउन सुझाव दिँदै नेपालको आर्थिक अवस्था असहज रहेको हुनाले बैंकलाई आयात मुखी व्यवसायमा भन्दा निर्यात मुखी व्यवसायमा धेरै लगानी गर्न सुझाव दिनुभयो । साथै, बैंकले आर्थिक वर्ष २०७७/७८ को लागि १५ प्रतिशत लाभांश घोषणा गरेता पनि पछि सो निर्णय रद्द गर्नुपरेको विषय उपर गुनासो व्यक्त गर्नुभयो ।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

**श्री राजेश शाक्य**

यस बैंकको कडा मिहिनेत स्वरुप वार्षिक विवरणको प्रस्तुतीकरण राम्रो रहेकोमा खुशी व्यक्त गर्दै देशको आर्थिक अवस्था सकरात्मक नरहेकोमा दुःख समेत व्यक्त गर्नुभयो । बैंकको उच्च Performance लाई आगामी आर्थिक वर्षहरुमा समेत कायम राख्न अनुरोध गर्दै बैंकलाई आफ्नै भवनमा केन्द्रीय कार्यालय स्थापना गर्न सुझाव प्रदान गर्नुभयो । साथसाथै, बैंकको Software र Data Backup लाई अझ सबलीकरण गर्न आग्रह गर्दै सञ्चालकज्यूहरु, बैंक व्यवस्थापन र कर्मचारीवर्गलाई वहाँहरुको मिहिनेत प्रति हार्दिक अभिवादन व्यक्त गर्दै आफ्नो मन्तव्य टुङ्ग्याउनुभयो ।

**श्री ब्रम्हदेव शाक्य**

कोभिड १९ को कारण आर्थिक गतिविधीमा ह्रास आएको अवस्थामा समेत बैंकको कर्जा तथा निक्षेपमा भएको वृद्धि उत्साहप्रद रहेकोमा खुशी व्यक्त गर्नुभयो । साथै, यस बैंक बैकिङ्ग क्षेत्रमा सर्वोत्कृष्ट बैंक बन्न सफल भएकोमा आफूलाई हर्ष लागेको जनाउँदै बैंकको ७२% कर्जा रु. १ करोड भन्दा कम रहेको तथ्याङ्क स्वागतयोग्य रहेको विचार व्यक्त गर्नुभयो । समीक्षा अवधिमा बैंकको Return on Equity राम्रो रहेको व्यहोरा उल्लेख गर्नुहुँदै आगामी आर्थिक वर्षहरुमा शेयरधनीहरुलाई थप आकर्षक प्रतिफल प्रदान गर्न आग्रह समेत गर्नुभयो । साथै, प्रविधि लगानी र शाखा विस्तारमा बैंकले ठूलो फड्को मारेको विचार व्यक्त गर्नुहुँदै बैंकले संस्थागत सामाजिक उत्तरदायित्वमा पर्याप्त र प्रभावकारी लगानी गरेकोमा खुशी समेत व्यक्त गर्नुभयो । अन्त्यमा, नवआगन्तुक सञ्चालकज्यूलाई स्वागत तथा कार्यकालको सफलताको कामना गर्नुहुँदै आफ्नो मन्तव्य अन्त्य गर्नुभयो ।

**श्री शिव प्रसाद पौडेल**

बैंकले गरेका उत्कृष्ट कार्यहरुको प्रशंसा गर्दै बैंक कमसेकम ८ देखी १० सूचकहरुमा पहिलो नम्बरमा रहन सफल भएकोमा सञ्चालक समिति, उच्च व्यवस्थापन तथा कर्मचारीवर्गलाई धन्यवाद ज्ञापन गर्नुभयो । बैंकले गत आर्थिक वर्षमा राज्यलाई करिब रु. ३ अर्ब १६ करोड कर बुझाएकोमा बैंकको उच्च प्रशंसा गर्नुहुँदै बैंकले कुल निष्कृय कर्जा ०.५०% मा सिमित राख्न सफल भएकोमा बैंक व्यवस्थापनलाई हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो । साथै, पदावधि समाप्त भएका सञ्चालकज्यूहरुले बैंकलाई पुऱ्याउनुभएको योगदानप्रति वहाँहरुलाई धन्यवाद ज्ञापन गर्नुभयो । अन्त्यमा, निक्षेपकर्ताहरुको तर्फबाट सञ्चालक नियुक्त गर्न तथा प्रविधीको अधिकतम उपयोग गर्न ध्यानाकर्षण गराउँदै आगामी आर्थिक वर्षमा बढी भन्दा बढी लाभांश प्राप्त गर्ने अपेक्षा गर्दै आफ्नो मन्तव्य अन्त्य गर्नुभयो ।

**श्री डमरु बल्लभ घिमिरे**

भव्यता, सभ्यता र उत्साहका साथ बैंकको २४औं वार्षिक साधारण सभा सञ्चालन भैरहेकोमा खुसी व्यक्त गर्नुहुँदै आगामी आर्थिक वर्षमा २० देखी २५ प्रतिशत लाभांश प्रदान गर्न तथा आफ्नै भवन निर्माण गर्न सुझाव समेत दिनुभयो । यस साधारण सभाबाट निर्वाचित भई आउने नयाँ सञ्चालकलाई स्वागत तथा बिदा हुने सञ्चालकहरु प्रति हार्दिक आभार व्यक्त गर्नुभयो । अन्त्यमा बैंकको आगामी २५ औं वार्षिक साधारण सभा भव्यताका साथ सञ्चालन गर्न आग्रह गर्दै आफ्नो मन्तव्य टुङ्ग्याउनुभयो ।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

श्री गोगन बहादुर पराजुली

आगामी आर्थिक वर्षमा राम्रो प्रतिफलको रुपमा बोनस शेयर प्राप्त हुने अपेक्षा गर्नुभयो । साथै, निरन्तर स्थायी रुपमा बोनस शेयर प्रदान गर्न आग्रह गर्दै बैंकको प्रति शेयर आम्दानी विगत केही वर्ष देखी कम हुँदै गइरहेकोमा चिन्ता समेत व्यक्त गर्नुभयो । बैंक करिब ८ परिसूचकहरुमा पहिलो नम्बरमा रहेकोमा बैंक व्यवस्थापनको उच्च प्रशंसा गर्दै नवनिर्वाचित सञ्चालक समितिलाई सफल कार्यकालको शुभकामना प्रदान गर्नुहुँदै आफ्नो मन्तव्य टुङ्ग्याउनुभयो ।

श्री लवराज जोशी

यस बैंकलाई Good Governance ले उत्कृष्ट बैंक बनाउन लाग्नुभएका सञ्चालकज्यूहरु, साथै, बैंक व्यवस्थापन र कर्मचारीहरुको मिहिनेतको उच्च प्रशंसा गर्नुभयो । आफ्नो पदावधि समाप्त भई बिदा हुन लाग्नुभएका सञ्चालकज्यूहरुको योगदानको उच्च प्रशंसा गर्दै अभिवादन समेत प्रकट गर्नुभयो । अन्त्यमा, कर्मचारीहरुलाई बैंकको सम्पत्तिको रुपमा ग्रहण गर्न बैंक व्यवस्थापनलाई आग्रह गर्दै कर्मचारीहरुलाई धेरै भन्दा धेरै तालीम प्रदान गर्न सकेकोमा बैंकलाई धन्यवाद समेत ज्ञापन गर्नुभयो ।

श्री कुबेर श्रेष्ठ

आगामी आर्थिक वर्षमा बढी भन्दा बढी बोनस शेयर प्रदान गर्न आग्रह गर्नुहुँदै ज्येष्ठ नागरिकलाई अन्य निक्षेपकर्ता भन्दा बढी ब्याज प्रदान गर्न आग्रह गर्नुभयो । अपाङ्ग नागरिकहरुलाई बैंकमा रोजगारीको अवसर प्रदान गर्न आग्रह गर्नुहुँदै बैंकले भविष्यमा थप उन्नती प्रगति गरोस् भन्ने शुभकामना समेत व्यक्त गर्नुभयो । साथै, अध्यक्षज्यूको मन्तव्यमा आर्थिक वर्ष २०७७/७८ को लागि घोषणा गरिएको लाभांश रद्द भएको विषय समावेश नभएकोमा गुनासो व्यक्त गर्नुभयो ।

श्री भक्ति प्रसाद उप्रेति

पूर्ववक्ता शेयरधनीले भनेका राम्रा कुराहरुमा आफू सहमत भएको व्यक्त गर्दै समीक्षा अवधिमा बैंकले लाभांश दिन नसकेकोमा दुःख व्यक्त गर्नुभयो । बैंकलाई लेखापरीक्षण प्रतिवेदन समयमै प्रकाशन गर्न, वितरण योग्य मुनाफा वृद्धि गर्न, गैर बैंकिङ्ग सम्पत्तिलाई सक्दो कम राख्न तथा बैंकको शुल्क तथा आम्दानी बढाउन ध्यानाकर्षण समेत गराउनुभयो । अन्त्यमा, नव आगन्तुक सञ्चालकहरुलाई स्वागत गर्दै आउँदो वर्षमा धेरै लाभांशको अपेक्षा रहेको जनाउँदै आफ्नो मन्तव्य टुङ्ग्याउनु भयो ।

श्री कृष्ण कष्यप अधिकारी

वार्षिक प्रतिवेदनमा छायाँ चित्र कम गर्न सुझाव दिनुहुँदै बैंकको वार्षिक प्रतिवेदन निकै राम्रो रहेको विचार राख्नुभयो । ज्येष्ठ नागरिकहरुलाई प्राथमिकता दिन आग्रह गर्दै वार्षिक प्रतिवेदनमा सरल भाषामा विश्लेषण गरिएको हुनाले बुझ्नलाई सहज भएको विचार व्यक्त गर्नुभयो । साथै, अन्य वाणिज्य बैंकहरुको तुलनामा यस बैंकको सञ्चालक समितिको बैठक धेरै बस्ने गरेको विषयप्रति ध्यानाकर्षण गराउनुभयो । अन्त्यमा, लेखापरीक्षण प्रतिवेदन नेपाली भाषामा बनाउन सुझाब दिनुहुँदै बैंकलाई उत्तरोत्तर प्रगति गर्न शुभकामना दिँदै आफ्नो मन्तव्य टुङ्ग्याउनु भयो ।

७/२०



Registered Office
Trade Tower Nepal, Thapathali, Kathmandu
Tel: 977-1-5111177/78/79/88 Fax: 977-1-5111180
Swift: NICENPKA www.nicasiabank.com
नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्रप्राप्त संस्था

ISO 9001 Certified Bank

NIC ASIA
एन आई सी एशिया बैंक लि.

**श्री रोज कुमार श्रेष्ठ**
बैंकले गत वर्ष लाभांश वितरण गर्न नसकेकोमा दुःख व्यक्त गर्दै बैंक विभिन्न सूचकहरुमा समग्र Industry मा पहिलो नम्बरमा आउन सकेको तथा समीक्षा अवधिमा बैंकको कुल कर्जा ५२.४३% ले वृद्धि भएकोमा हर्ष व्यक्त गर्नुभयो । साथै, आगामी आर्थिक वर्षमा बढी लाभांश पाउने अपेक्षा राख्दै आफ्नो मन्तव्य अन्त्य गर्नुभयो ।

**श्री उत्तम अर्याल**
नियामक निकायले व्यवस्था गरेका प्रावधानको पालना गर्न व्यवस्थापन चनाखो हुनुपर्ने सुझाव दिनुभयो । साथै, शेयरधनीहरुको लाभांश सम्बन्धी गुनासो हल गर्नको लागि लाभांश वितरण सम्बन्धी Future Plan तर्जुमा गर्न समेत आग्रह गर्नुभयो । साथै, चालु आर्थिक वर्षमा उच्च लाभांशको अपेक्षा रहेको विचार व्यक्त गर्दै बैंकलाई Result Oriented हुन सुझाव समेत दिनुभयो । अन्त्यमा, बैंक सम्पूर्ण सरोकारवालाहरुको पहिलो रोजाईको बैंक रहेको जनाउँदै आफ्नो मन्तव्य टुङ्ग्याउनुभयो ।

**श्री गुणराज भट्ट**
बैंकले युवा प्रमुख कार्यकारी अधिकृतको नेतृत्वमा अकल्पनिय प्रगति गरेको स्मरण गर्दै प्रमुख कार्यकारी अधिकृत, अध्यक्षज्यू र अनुशासित कर्मचारीहरुको सहकार्यले नै यस बैंक पहिलो नम्बरको बैंक हुन सकेको अवगत गर्दै बैंकलाई लाभांश वितरणमा पनि पहिलो नम्बरको बैंक बन्न सुझाव दिनुभयो । साथै, चालु आर्थिक वर्षमा दशैं अगाडि साधारण सभा सम्पन्न गरी बढी लाभांश वितरण गर्न अनुरोध गर्दै बैंकको शेयरधनीहरुलाई आंशिक शेयरहरुको बदलामा पूर्ण कित्ता शेयर प्रदान गर्न समेत सुझाव दिनुभयो । अन्त्यमा, उपस्थित सबैलाई नयाँ वर्ष २०७९ को शुभकामना प्रदान गर्दै बैंकको २४औं वार्षिक साधारण सभा सफल होस् भन्ने कामना गर्दै आफ्नो मन्तव्य टुङ्ग्याउनु भयो ।

**श्री सुर्य बहादुर खड्का**
बैकले ग्रामीण क्षेत्रहरुमा शाखा स्थापना गरी ग्रामीण जनताहरुलाई वित्तीय साक्षरता प्रदान गरेकोमा बैंकको उच्च प्रशंसा गर्नुभयो । साथै, बैकका अध्यक्ष, सञ्चालक, प्रमुख कार्यकारी अधिकृत लगायत उच्च पदस्थ पदाधिकारीहरुलाई थप उर्जाशील हुन आग्रह गर्नुभयो । साथै, साधारण सभाको Video Live Streaming गर्न सुझाव प्रदान गर्दै बैंकको Performance राम्रो हुँदै गएकोले बैंकबाट आउँदा दिनहरुमा आफूले अझ धेरै अपेक्षा राखेको विचार व्यक्त गर्नुभयो ।

**सुश्री श्रृजना तिमल्सिना**
बैंकको वार्षिक प्रतिवेदनले देशभित्र छरिएर रहेको स-सानो पूँजीहरुलाई केन्द्रित गरेर बैंकले ठूलो परिणाममा परिचालन गरेको सन्देश दिएकोमा, उत्कृष्ट कर्जा लगानीको रणनीति कार्यान्वयन गरेकोमा तथा निष्कृय कर्जालाई ०.५०% मा सिमित गर्न सकेकोमा बैंकको प्रशंसा गर्नुभयो । बैंकलाई मुनाफा सँगै सेवा दिने संस्थाको रुपमा कार्य गर्न सुझाव दिँदै ठूला ठूला कृषि क्षेत्रमा लगानी गरी कृषि उत्पादन बढाउन समेत



ISO 9001 Certified Bank
001214133
Registered Office
Trade Tower Nepal, Thapathali, Kathmandu
Tel: 977-1-5111177/78/79/88 Fax: 977-1-5111180
Swift: NICENPKA www.nicasiabank.com
नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्रप्राप्त संस्था

NIC ASIA
एन आई सी एशिया बैंक लि.

सुझाव दिनुभयो । साथसाथै, शिक्षा तथा स्वास्थ्यमा समेत लगानी गरी सामाजिक उत्तरदायित्व पुरा गर्न एवं गुणस्तरीय निक्षेप ग्राहकहरु Onboard गर्न सुझाव दिँदै आफ्नो मन्तव्य टुंङ्याउनुभयो ।

**सभामा उठेका प्रश्न तथा जिज्ञासाहरुको प्रत्युत्तर :**

**वार्षिक साधारण सभामा शेयरधनी महानुभावहरुले उठाउनु भएको प्रश्न, जिज्ञासा तथा सुझाव उपर जवाफ दिनका लागि अध्यक्षज्यूले बैंकका प्रमुख कार्यकारी अधिकृत श्री रोशन कुमार न्यौपानेज्यूलाई निर्देशन दिनुभए बमोजिम वहाँले दिनुभएको समष्टिगत प्रत्यूत्तरको सारांश :**

सर्वप्रथम शेयरधनी महानुभावहरुले बैंकको सर्वोपरी हित सुनिश्चित गर्ने पुनित मनसायले आफ्नो अति व्यस्त समयको बाबजुद पनि साधारण सभालाई अमूल्य समय दिएर सल्लाह, सुझाव, मार्गदर्शन तथा केही गुनासाहरु प्रदान गर्नुभएकोमा सबै सल्लाह, सुझाव, मार्गदर्शन तथा गुनासाहरुलाई आफूले शिरोधार्य गर्दै सम्पूर्ण राय, सल्लाह, सुझावहरुलाई बैंकले स-सम्मान सम्बोधन गर्ने प्रतिबद्धता वहाँले साधारण सभा समक्ष व्यक्त गर्नुभयो ।

धेरैजसो वक्ताले उठान गर्नुभएको लाभांशको विषयमा सम्बोधन गर्दै २०७८ साल भाद्र मसान्तमा नै बाह्य लेखापरीक्षण सम्पन्न गरेर २०७८ साल आश्विन १ गते वित्तीय विवरणहरु नेपाल राष्ट्र बैंक समक्ष पेश गरेको, नेपाल राष्ट्र बैंकबाट बैंकलाई Green Signal प्राप्त भएको आधारमा बैंकले २०७८ कार्तिक ०८ गते १५% बोनस शेयर र सो मा लाग्ने कर प्रयोजनको लागि नगद लाभांश प्रस्ताव गरेको, सोही बमोजिम बैंकले पत्रपत्रिका, सम्पूर्ण सरोकारवालाहरु एवं नियमनकारी निकायहरुमा जानकारी दिएको र अन्तिम स्वीकृतिको लागि नेपाल राष्ट्र बैंक समक्ष पेश गरेकोमा मिति २०७८/०६/२५ मा नेपाल राष्ट्र बैंकले एक परिपत्र जारी गर्दै Capital Conservation Buffer सहितको Tier 1 Capital Adequacy Ratio ८.५ प्रतिशत भन्दा कम भएमा नगद लाभांश र बोनस शेयर वितरण गर्न नपाउने व्यवस्था लागू गरेको, उक्त परिपत्र आर्थिक वर्ष २०७७/७८ समाप्त भएको करिब ३ महिना पछाडि आएकोले आर्थिक वर्ष २०७७/७८ को हकमा लागू नहुने यस बैंकको बुझाई रहेको, सोही बमोजिम नेपाल राष्ट्र बैंकसँग विभिन्न चरणमा छलफल भई बैंकले आफ्ना कुराहरु स्पष्ट सँग राखेको तर नेपाल राष्ट्र बैंकले मिति २०७८/१०/०९ गते बैंकलाई एक पत्र पठाई लाभांश वितरण स्वीकृत नभएको र बैंकको वित्तीय विवरण मात्र स्वीकृत भएको जानकारी गराएको र सोही पत्र आदरणिय शेयरधनी महानुभावहरुको जानकारीको लागि वार्षिक प्रतिवेदन सँगै छुट्टै पानामा प्रकाशित गरिएको बारेमा साधारण सभामा विस्तृत रुपमा प्रकाश पार्नुभयो । नेपालको सबैभन्दा ठूलो र अग्रणी बैंक भएकोले नियमनकारी निकायको निर्देशन पालना गर्ने विषयलाई यस बैंकले सर्वाधिक प्राथमिकतामा राखेको सभालाई जानकारी गराउँदै घोषित लाभांश रद्द गर्ने निर्णयबाट सम्पूर्ण शेयरधनी महानुभावहरुलाई परेको अपठ्यारो प्रति क्षमायाचना गर्दै नेपाल राष्ट्र बैंकबाट पत्र प्राप्त हुने वित्तिकै सबै सरोकारवालाहरुको जानकारीको लागि प्रेस विज्ञप्ती जारी गरेको विषय साधारण सभामा विस्तृत रुपमा प्रष्ट पार्नुभयो । शेयरधनी महानुभावहरु एवं सम्पूर्ण सरोकारवालाहरुलाई जेजस्तो सत्य तथ्य छ सोही जानकारी यथाशक्य छिटो पूर्ण पारदर्शिताका साथ प्रदान गरिएको सम्बन्धमा वहाँले स्पष्ट पार्नुभयो ।

१/२०



**Registered Office**
Trade Tower Nepal, Thapathali, Kathmandu
Tel: 977-1-5111177/78/79/88 Fax: 977-1-5111180
Swift: NICENPKA www.nicasiabank.com
नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्रप्राप्त संस्था

साथै, नेपाल राष्ट्र बैंकबाट प्राप्त भएको पत्र बैंकले वार्षिक प्रतिवेदनको साथै संलग्न गरी प्रकाशित गरिएको र नेपाल राष्ट्र बैंकको लाभांश दिन नमिल्ने सम्बन्धी पत्र प्राप्त हुनासाथ क्षमायाचना सहितको प्रेस विज्ञप्ती पनि जारी गरीसकेको हुनाले शेयरधनी महानुभावहरु एवं अन्य सम्पूर्ण सरोकारवालाहरुले यथासमयमानै जानकारी प्राप्त गर्नुभयो भन्ने बुझाई बैंकको रहेकोले अध्यक्षज्यूको प्रतिवेदनमा लाभांश सम्बन्धी विषय पुन: समावेश नगरिएको यथार्थ तथ्य शेयरधनी महानुभावहरुलाई स्पष्ट पार्दै आदरणीय शेयरधनी महानुभावहरुबाट जे-जस्तो प्रकारको मार्गदर्शन प्राप्त भएको छ सो अनुसार भविष्यमा थप सुधार गर्दै जाने प्रतिबद्धता समेत वहाँले जाहेर गर्नुभयो ।

साथै, वहाँले लाभांश सम्बन्धी विषय वहुआयामिक विषय भएको धारणा व्यक्त गर्दै बैंकको रणनीतिक प्राथमिकता भनेको शेयरधनी महानुभावहरुलाई अधिकतम प्रतिफल प्रदान गर्नु रहेको, जसको लागि पूँजीमा बढी भन्दा बढी प्रतिफल हासिल गर्ने हेतुले पूँजीको Optimum Utilization गर्ने बैंकको सँधै प्रयास रहँदै आएको, पूँजी जति बढी Idle रह्यो त्यति नै Shareholder's Return कम हुन जाने हुनाले पूँजीलाई अधिकतम उपयोग गर्ने बैंकको रणनीति रहेको र सोही रणनीति बमोजिम अघि बढ्दै जाँदा बैंकको Earnings Per Share (EPS) र Return on Equity (ROE) को अवस्था निरन्तर रुपमा सर्वोत्कृष्ट मध्ये रहँदै आएको साधारण सभालाई जानकारी गराउनुभयो । बैंकले आर्थिक वर्ष २०७५/७६ देखि आर्थिक वर्ष २०७७/७८ सम्म पूँजीको अधिकतम उपयोग हुने गरी व्यवसायिक योजना तर्जुमा गरिएको विषयमा समेत साधारण सभामा प्रकाश पार्दै वहाँले नेपाल राष्ट्र बैंकबाट परिपत्र जारी भएपछि बैंकको स्थिती फरक हुन गएको र सोहि बमोजिमनै बैंकको रणनीति पनि अद्यावधिक गरिएको विषय जानकारी गराउँदै बैंकले शेयरधनीहरुलाई अधिकतम प्रतिफल दिने रणनीति अंगीकार गरेको कारण २०७८ पौष मसान्तको तुलनात्मक विवरण अनुसार समग्र बैकिङ्ग क्षेत्रको औसतको तुलनामा यस बैंकको Return on Equity ८१% बढी, Earning Per Share ११५% बढी, Book Value Per Share २४% बढी रहेको तथा Market Capitalization को आधारमा यस बैंक वाणिज्य बैंकहरुमध्ये दोस्रो स्थानमा रहेको र बैंकको Market Price Per Share बैकिङ्ग Industry को औसत भन्दा १२३% बढी रहेको यथार्थ तथ्य वहाँले साधारण सभा समक्ष जानकारी गराउनुभयो ।

नेपाल राष्ट्र बैंकको निर्देशन पश्चात् लाभांश वितरण गर्न नसक्ने अवस्थामा शेयरधनीहरुलाई सो विषयको जानकारी गराउँदा समेत Nepse Index मा आएको उतार चढावको कारणले आएको परिवर्तन बाहेक बैंकको शेयर मूल्यमा थप प्रतिकुल प्रभाव नपरेको जनाउँदै यस्तो अवस्थामा समेत बैंकलाई साथ दिनुहुने र हौसला बढाउनुहुने आदरणीय शेयरधनी महानुभावहरु प्रति बैंक परिवारको तर्फबाट हार्दिक कृतज्ञता र सादर नमन प्रकट गर्नुभयो । नेपाल राष्ट्र बैंकबाट जारी Capital Adequacy सम्बन्धी निर्देशन अनुसार Capital Conservation Buffer कम हुँदा व्यवसाय गर्न, निक्षेप लिन र कर्जा दिनको लागि कुनै पनि प्रकारको रोक नभएको र यसबाट संस्थाको वित्तीय स्वास्थ्य र मुनाफा प्रभावित नहुने स्पष्ट पार्दै २०७८ फाल्गुण मसान्तसम्ममा बैंकको त्यस्तो Tier 1 Capital ratio including Capital Conservation Buffer ८.५०% हुनुपर्ने भनी तोकिएकोमा सो ८.०८% पुगिसकेको यथार्थ तथ्य साधारण सभामा राख्दै निकट भविष्यमा नै उक्त अनुपात ८.५०% पुऱ्याउने र यसलाई सदैव कायम राखेर बैंकले आफ्नो Dividend Policy र Balance Sheet Management Policy अख्तियार गरेर जाने रणनिती लिएको व्यहोरा वहाँले साधारण सभालाई जानकारी गराउनुभयो ।





**Registered Office**
Trade Tower Nepal, Thapathali, Kathmandu
Tel: 977-1-5111177/78/79/88 Fax: 977-1-5111180
Swift: NICENPKA www.nicasiabank.com
नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्रप्राप्त संस्था

NIC ASIA
एन आई सी एशिया बैंक लि.

चालु आर्थिक वर्षमा समेत बैंकको व्यवसाय अपेक्षा अनुरुपनै अगाडि बढीरहेको र लाभांशको रुपमा वितरण गर्न नसकिएको र सोहि क्रममा बैंकको जगेडा कोषमा रहिरहेको रकमले बैंकको शेयरधनीलाई प्रतिफल प्रदान गर्ने क्षमतामा कुनै प्रतिकुल असर नगर्ने तथ्य समेत साधारण सभामा जानकारी गराउनुभयो । साथै, वहाँले आगामी आर्थिक वर्षमा बैंकले के कति लाभांश र बोनस शेयर दिन सक्दछ भन्ने विषय अहिलेनै निक्यौल गर्न सक्ने विषय नभई नेपाल राष्ट्र बैंकबाट जारी हुने नियमनकारी व्यवस्था र स्वीकृतिमा भरपर्ने विषय रहेको व्यहोरा सभालाई जानकारी गराउँदै आम शेयरधनीहरुको इच्छा र आंकाक्षा अनुरुपनै बैंकले आफ्नो व्यवसायिक गतिविधि संचालन गर्ने र नियमनकारी व्यवस्थाको परिधि भित्र रहेर शेयरधनीहरुलाई अधिकतम प्रतिफल दिने बैंकको सदैव उद्देश्य रहेको विषय वहाँले साधारण सभालाई प्रस्ट पार्नुभयो । गत आर्थिक वर्षमा बैंकले करिव रु. ९१ अर्बले कर्जा बढाएको, जुन समग्र बैंकिङ्ग क्षेत्रको औसत भन्दा २४३ प्रतिशत बढी भएको, त्यस्तैगरी, निक्षेप तर्फ पनि गत आर्थिक वर्षमा बैंकले करिव रु. ८९ अर्बले वृद्धि गरेको जुन समग्र बैंकिङ्ग क्षेत्रको औसत भन्दा २७१ प्रतिशतले बढी भएको तथ्य वहाँले साधारण सभामा जानकारी गराउनुभयो । कर्जा तर्फको वृद्धि र निक्षेप संकलन तर्फको वृद्धि बैकिङ्ग इतिहासमा नै कुनै पनि बैंकले एक आर्थिक वर्षमा गरेको सबैभन्दा उच्च वृद्धि भएको तथ्य समेत वहाँले साधारण सभा समक्ष जानकारी गराउनुभयो ।

समग्रमा, बैंकको वित्तीय अवस्था अत्यन्त सबल रहेको प्रस्ट पार्दै बैंक सही मार्गमा भएको हुनाले गर्व गर्न सक्ने अवस्थामा रहेको वस्तुगत तथ्यहरु सभालाई जानकारी गराउँदै यही अवस्थालाई जारी राखेको खण्डमा बैंक हरेक सूचकमा नम्बर १ हुने दिन धेरै टाढा नरहेको विषय समेत वहाँले सभालाई जानकारी गराउनुभयो ।

त्यसैगरी, बैंकले वित्तीय सूचाङ्कहरुमा नम्बर १ हुने विषय मात्र भन्दा पनि सबै सरोकारवालाहरुको पहिलो रोजाईको बैंक बन्न चाहेको र सबै सरोकारवालाको हित संरक्षण गर्ने बैंकको उद्देश्य रहेको व्यहोरा समेत सभामा स्पष्ट पार्नुभयो । बैंकले विगतका वर्षहरुमा हासिल गरेको आफ्नो Performance लाई आफैं कसरी उछिन्ने भन्ने लक्ष्य लिएको र सोही लक्ष्य हासिल गर्ने मार्गमा बैंक लागिपरेको जानकारी गराउनुभयो । नेपालमा Different Banking र Differently Banking गर्ने रणनीति बैंकले अख्तियार गरेको स्पष्ट पार्दै देशको दुरदराजका क्षेत्रहरुमा रहेका Unbanked Population लाई बैंकिङ्ग परिधि भित्र ल्याउने र Poverty Alleviation, Employment Generation तथा Access to Finance मा ठोस टेवा पुऱ्याउने बैंकको रणनीति रहेको विषय वहाँले साधारण सभालाई जानकारी गराउनुभयो ।

बैंकले लिएको महान लक्ष्य हासिल गर्नको लागि संचालकज्यूहरुको समेत उत्तिकै योगदान हुनपर्ने हुनाले बैंकमा सञ्चालक समितको बैठक संख्या थोरै बढी हो कि जस्तो देखिन गएको तर बैंकको आकार र व्यवसाय वृद्धिको तुलनामा यो पूर्ण रुपमा उपयुक्त स्तरमा रहेको तथ्य प्रस्ट पार्नुभयो । चालु आर्थिक वर्षको २५औं वार्षिक साधारण सभा भव्यताका साथ मनाउने सम्बन्धमा आएका सुझावहरुलाई मनन गर्दै उपयुक्त समयमा सो सम्बन्धमा उपयुक्त निर्णय लिईने प्रतिबद्धता समेत वहाँले सधारण सभा समक्ष जाहेर गर्नुभयो ।

विभिन्न जालसाजी र जोखिमयुक्त घटनाहरुबाट बैंक सजग हुनुपर्छ भन्ने सुझावलाई निकै गम्भीरतापुर्वक बैंकले मनन् गरेको र त्यसलाई बैंकले उच्च प्राथमिकतामा राखेको सम्बन्धमा साधारण सभालाई अवगत





**Registered Office**
Trade Tower Nepal, Thapathali, Kathmandu
Tel: 977-1-5111177/78/79/88 Fax: 977-1-5111180
Swift: NICENPKA www.nicasiabank.com
नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्रप्राप्त संस्था

ISO 9001 Certified Bank

गराउनुभयो । Security मा बैंकले धेरै ठूलो लगानी गरिरहेको र बैंकले Zero balance Account मा अन्य बैंक भन्दा बढी सुविधा अहिले पनि निरन्तर रुपमा दिएको सभालाई स्पष्ट पार्नुभयो । बैंकले Digital First बैंक बन्ने रणनिति लिएको र Digital Universe तर्फको यात्रा तय गरेको जानकारी गराउँदै यस बाटनै बैंकको लागतमा कमी आउने र ग्राहकको अनुभवमा वृद्धि हुने बुझाई रहेकोले चालू आर्थिक वर्षमा Digital Infrastructure तर्फ रु. ५० करोड भन्दा बढी लगानी गर्ने तयारीका साथ बैंक अघि बढीसकेको व्यहोरा सभालाई जानकारी गराउनुभयो । बैंकले पूँजी वृद्धि गर्नको लागि विभिन्न Instrument जारी गर्ने सम्बन्धमा नेपाल राष्ट्र बैंकसँग छलफल गरिरहेको जानकारी वहाँले गराउनुभयो । साथै, कर्मचारीहरुको Motivation र वृति विकासमा यथेष्ट लगानी गर्न प्राप्त सुझावहरुलाई सरहाना गर्नुभयो र बैंकले कर्मचारीहरुलाई सँधै उच्च महत्वका साथ वृत्ति विकास एवं अन्य विभिन्न कार्यक्रमहरु प्रदान गरिरहेको धारणा सभा समक्ष वहाँले व्यक्त गर्नुभयो ।

यस बैंकलाई सबै सरोकारवालाहरुको पहिलो रोजाईको बैंक बनाउने लक्ष्य लिईएकोमा सोहि लक्ष्य अनुसार बैंक अगाडि बढिरहेको र देशको ठूलो बैंक भएको नाताले यस बैंक विशेष जिम्मेवार हुनपर्ने र नियमनकारी निकायहरुको समेत यस बैंक प्रति विशेष नजर रहने तथ्य सभामा व्यक्त गर्दै वहाँले देशकै सबैभन्दा ठुलो बैंक हुनुको नाताले यस बैंकले नियमनकारी निकाय नेपाल राष्ट्र बैंकबाट जारी भएका सबै निर्देशनहरुको अक्षरशः अनुपालना गर्ने विषयलाई व्यवसाय र मुनाफा भन्दा पनि माथि सर्वाधिक उच्च प्राथमिकतामा राखेको विषय साधारण सभालाई जानकारी गराउनुभयो ।

बैंकले स-साना कर्जा र निक्षेपहरुमा बढि जोड दिएको र यही देशको Growth Driver रहेको विषय सभालाई जानकारी गराउँदै सोही कारणले बैंकको Import and Corporate Based Exposures कम भएको कारणले Forex Income केही कम भएको, तथापि गत आर्थिक वर्षमा यस बैंकले समग्र बैंकिङ्ग Industry मा शुल्क तथा कमिशनमा पहिलो नम्बर हासिल गरेको तथ्याङ्क वहाँले सभालाई जानकारी गराउनुभयो ।

बैंकले Different Banking, Differently Banking गर्ने उद्देश्य लिएको हुनाले बैंकले फरक प्रकारका विभागीय संरचनाहरु निर्माण गर्ने, फरक Product हरु Launch गर्ने र फरक रणनीति अनुसार अघि बढ्ने गरेको विषय वहाँले सभालाई जानकारी गराउनुभयो । बैंकको खर्च बढी भएको हो कि भन्ने शेयरधनी महानुभावहरुको जिज्ञासालाई सम्बोधन गर्दै वहाँले धेरै कर्मचारी तथा धेरै शाखा भएको हुनाले Absolute Volume मा खर्च बढी जस्तो देखिएता पनि पनि बैंकको प्रति शाखा तथा प्रति कर्मचारी खर्च वाणिज्य बैंकहरु मध्ये सबै भन्दा कम मध्ये रहेको विषय साधारण सभालाई स्पष्ट पार्नुभयो ।

साथै, बैंकले आगामी पाँच वर्षको लागि व्यवसायिक दिशा निर्देशन गर्नको लागि Strategy 23-28 बनाउने क्रममा रहेको समेत सभालाई जानकारी गराउनुभयो । बैंकको आफ्नै भवन बनाउनका निम्ति छुट्टै उपसमिति गठन गरी कार्य अगाडि बढाइरहेको व्यहोरा समेत वहाँले साधारण सभालाई जानकारी गराउनुभयो ।

अन्त्यमा, बैंकलाई सफलताको यस उचाइमा पुऱ्याउन मन, वचन र कर्मले सहयोग गर्नुहुने बैंकका अध्यक्षज्यू, सञ्चालकज्यूहरु, चिफ एड्भाइजरज्यू, बैंकको उच्च व्यवस्थापन, कर्मचारीवर्ग, नियामक निकाय



001214137

Registered Office
Trade Tower Nepal, Thapathali, Kathmandu
Tel: 977-1-5111177/78/79/88 Fax: 977-1-5111180
Swift: NICENPKA www.nicasiabank.com
नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्रप्राप्त संस्था

ISO 9001 Certified Bank

तथा सम्पूर्ण आदरणीय शेयरधनी महानुभावहरुलाई वहाँहरुको योगदानको कदर गर्दै विशेष धन्यवाद ज्ञापन गर्नुभयो । साथै, आउन लागेको नेपालीहरुको नयाँ वर्षको अग्रीम शुभकामना प्रदान गरी शेयरधनी महानुभावहरु लगायत उपस्थित सबै महानुभावहरुलाई सभामा उपस्थिति जनाउनुभएकोमा वहाँहरुको अमूल्य समयको लागि धन्यवाद ज्ञापन गर्दै वहाँले आफ्नो मन्तव्य टुङ्ग्याउनुभयो ।

**११. प्रस्तावहरुको प्रस्तुति :**

अध्यक्षज्यूको निर्देशन अनुसार कार्यक्रम संचालनकर्ताले सभाको काम कारवाहीलाई अगाडि बढाउने क्रममा बैंकको आर्थिक बर्ष २०७७/७८ को सञ्चालक समितिको प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदन सहितको २०७८ आषाढ मसान्तको वासलात, सोहि मितिमा समाप्त आर्थिक वर्ष २०७७/७८ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु एवं सभामा छलफल तथा निर्णयका लागि निर्धारित विषयसूची अन्तर्गतका सम्पूर्ण प्रस्तावहरु सभा समक्ष प्रस्तुत गर्नुभयो ।

**१२. सभाको निर्णय :**

**(क) सामान्य प्रस्ताव :**

१. छलफलको लागि सभामा प्रस्तुत विषयसूची (१) अन्तर्गत आर्थिक बर्ष २०७७/७८ को लागि सञ्चालक समितिको प्रतिवेदन छलफल भइसकेकोले सो लाई पारित गरियोस् भनी निर्णयार्थ पेश भएको प्रस्ताव सभाले सर्वसम्मतिले पारित गर्‍यो ।

२. विषयसूची (२) अन्तर्गत लेखापरीक्षकको प्रतिवेदन सहित २०७८ आषाढ मसान्तसम्मको वासलात र आ.व. २०७७/७८ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरणहरु उपर छलफल गरी स्वीकृत गर्नको लागि राखिएको प्रस्ताव उपर सभामा छलफल भइसकेकोले सो लाई पारित गरियोस् भनी निर्णयार्थ पेश भएको प्रस्ताव सभाले सर्वसम्मतिले पारित गर्‍यो ।

३. विषयसूची (३) अन्तर्गत यस बैंक तथा बैंकको सहायक कम्पनी एन आई सी एशिया लघुवित्त वित्तीय संस्था लि. र एन आई सी एशिया क्यापिटल लि. को आ.ब. २०७७/७८ को वित्तीय विवरण सहितको एकिकृत वित्तीय विवरण उपर छलफल गरी स्वीकृत गर्नको लागि राखिएको प्रस्ताव उपर सभामा छलफल भइसकेकोले सो लाई पारित गरियोस् भनी निर्णयार्थ पेश भएको प्रस्ताव सभाले सर्वसम्मतिले पारित गर्‍यो ।

४. विषयसूची (४) अन्तर्गत लेखापरीक्षण समितिको सिफारिश बमोजिम आर्थिक बर्ष २०७८/७९ को लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने प्रस्ताव सभामा प्रस्तुत भएपछि लेखापरीक्षण समितिको सिफारिश बमोजिम आ.व. २०७८/७९ को बाह्य लेखापरीक्षणका लागि श्री एस ए आर एसोसिएट्स चार्टर्ड एकाउन्टेन्ट्सलाई लेखापरीक्षक नियुक्त गर्ने र बाह्य लेखापरीक्षकले गर्नुपर्ने Long Form Audit Report (LFAR), Certification (Sec. 78), Tax Audit लगायतका सम्पूर्ण आवश्यक कार्यका लागि निजलाई मूल्य अभिवृद्धि कर (VAT) बाहेक रु.२५,००,०००/- (अक्षरेपी पच्चीस लाख रुपैयाँ मात्र)

पारिश्रमिक प्रदान गर्ने प्रस्ताव निर्णयार्थ सभामा पेश भएकोमा उक्त प्रस्ताव सभाले सर्वसम्मतिले पारित गर्‍यो ।

५. विषयसूचि (५) अन्तर्गत संस्थापक शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्नुहुने ३ जना सञ्चालक र सर्वसाधारण शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्नहुने ३ जना सञ्चालकको लागि निर्वाचन गर्ने प्रस्ताव सम्वन्धमा निर्वाचन अधिकृत श्री लीलामणी पौडेलज्यूले निर्वाचन परिणाम बारे सभालाई जानकारी दिनुहुदै वार्षिक साधारण सभामा संस्थापक समुहको शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्नु हुने संचालक ३ जना र सर्वसाधारण शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्नु हुने संचालक ३ जना गरी कूल ६ जना संचालकहरुको निर्वाचनको कार्यक्रम रहेकोमा प्रकाशित गरेको निर्वाचन कार्यतालिका बमोजिम बैंकमा निम्नानुसार ६ जना संचालकहरु निर्विरोध निर्वाचित हुनु भएको घोषणा गर्नुभएको बारे सभाले जानकारी लियो ।

| | |
|---|---|
| १) श्री तुलसीराम अग्रवाल | संचालक (संस्थापक शेयरधनी समुह) |
| २) श्री त्रिलोक चन्द अग्रवाल | संचालक (संस्थापक शेयरधनी समुह) |
| ३) श्री रामचन्द्र संघई | संचालक (संस्थापक शेयरधनी समुह) |
| ४) श्री निकुन्ज अग्रवाल | संचालक (सर्वसाधारण शेयरधनी समुह) |
| ५) श्री गणेशमान श्रेष्ठ | संचालक (सर्वसाधारण शेयरधनी समुह) |
| ६) श्री आदित्य कुमार अग्रवाल | संचालक (सर्वसाधारण शेयरधनी समुह) |

**(ख) विशेष प्रस्ताव :**

१. विषयसूची (१) अन्तर्गत बैंकको प्रबन्धपत्र र नियमावलीमा समसामयिक संशोधन/थप गर्ने विशेष प्रस्ताव पारित गरियोस् भनी निर्णयार्थ पेश भएको देहाय बमोजिमको तीन महले सहितको संशोधनलाई सभाले सर्वसम्मतिले पारित गर्‍यो :

**एन आई सी एशिया बैंक लि. को प्रबन्धपत्रमा**
**प्रस्तावित संशोधन/थपको तीन महले विवरण**

| विद्यमान व्यवस्था | प्रस्तावित व्यवस्था | कैफियत |
|---|---|---|
| २. **बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय रहने ठेगाना:** | २. **बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय रहने ठेगाना:** | |
| (२) यस बैंकको कारोवार गर्ने स्थान नेपाल राष्ट्र बैंकको स्वीकृति अनुसार शाखा, उपशाखा वा अन्य कार्यालय खोली नेपालभित्र वा बाहिर रहनेछ । | (२) यस बैंकको कारोवार गर्ने स्थान नेपाल राष्ट्र बैंकको स्वीकृति अनुसार शाखा, प्रादेशिक कार्यालय, वा आवश्यकता अनुसार अन्य कार्यालयहरु खोली नेपालभित्र वा बाहिर राख्न सकिनेछ । | नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम प्रादेशिक कार्यालयको व्यवस्था गर्न । |

NIC ASIA
एन आई सी एशिया बैंक लि.

| विद्यमान व्यवस्था | प्रस्तावित व्यवस्था | कैफियत |
|---|---|---|
| ४. बैंकको उद्देश्य प्राप्तिका लागि गरिने कामहरु : | ४. बैंकको उद्देश्य प्राप्तिका लागि गरिने कामहरु : | |
| (कक्ष) नयाँ थप | (कक्ष) बैंकले आवश्यकता अनुसार प्रचलित कानून बमोजिमको प्रक्रिया पुरा गरी नियामक निकायहरुको स्वीकृति लिई कुनै स्वदेशी वा विदेशी फर्म, कम्पनी, संघ संस्थासँग संयुक्त लगानी गरी वा नगरी वा बैंकको सहायक कम्पनी स्थापना गरी वा बैंकले अन्य संस्थाहरुसँग सहकार्य गरी वा बैंकले एजेन्ट नियुक्त गरी विप्रेषण (रेमिटेन्स) सम्बन्धी व्यवसाय गर्न सक्नेछ । | युनिभर्सल बैंकिङ्ग अवधारणा अनुरुप बैंकले प्रदान गरिरहेको बैंकिङ्ग सेवा सुविधालाई थप बृहत बनाउन एवं परिष्कृत सेवा प्रदान गर्न । |
| (कत्र) नयाँ थप | (कत्र) बैंकले आवश्यकता अनुसार प्रचलित कानून बमोजिमको प्रक्रिया पुरा गरी नियामक निकायहरुको स्वीकृति लिई कुनै स्वदेशी वा विदेशी फर्म, कम्पनी, संघ संस्थासँग संयुक्त लगानी गरी वा नगरी वा बैंकको सहायक कम्पनी स्थापना गरी Credit Rating सम्बन्धी व्यवसाय गर्न सक्नेछ । | युनिभर्सल बैंकिङ्ग अवधारणा अनुरुप बैंकले प्रदान गरिरहेको बैंकिङ्ग सेवा सुविधालाई थप बृहत बनाउन एवं परिष्कृत सेवा प्रदान गर्न । |
| (कज्ञ) नयाँ थप | (कज्ञ) बैंकले आवश्यकता अनुसार प्रचलित कानून बमोजिमको प्रक्रिया पुरा गरी नियामक निकायहरुको स्वीकृति लिई कुनै स्वदेशी वा विदेशी फर्म, कम्पनी, संघ संस्थासँग संयुक्त लगानी गरी वा नगरी वा बैंकको सहायक कम्पनी स्थापना गरी सुनचाँदीको धितोमा कर्जा प्रवाह गर्ने सम्बन्धी व्यवसाय गर्न सक्नेछ । | युनिभर्सल बैंकिङ्ग अवधारणा अनुरुप बैंकले प्रदान गरिरहेको बैंकिङ्ग सेवा सुविधालाई थप बृहत बनाउन एवं परिष्कृत सेवा प्रदान गर्न । |
| (खक) नयाँ थप | (खक) बैंकले Bill of lading, Railway Receipt, Debenture तथा Bond लाई धितोको रुपमा स्वीकार गरी कर्जा तथा अन्य बैंकिङ्ग सुविधा उपलब्ध गराउने । | युनिभर्सल बैंकिङ्ग अवधारणा अनुरुप बैंकले प्रदान गरिरहेको बैंकिङ्ग सेवा सुविधालाई थप बृहत बनाउन एवं परिष्कृत सेवा प्रदान गर्न । |
| (खख) नयाँ थप | (खख) बैंकले आवश्यकता अनुसार प्रचलित कानून बमोजिमको प्रक्रिया पुरा गरी नियामक निकायहरुको स्वीकृति लिई बैंक आफैंले वा अन्य संस्थासँग सहकार्य गरी वा बैंकले एजेन्ट नियुक्त गरी शेयर तथा डेरिभेटिव्स् लगायतका वस्तुहरुको कारोबार गर्ने । | युनिभर्सल बैंकिङ्ग अवधारणा अनुरुप बैंकले प्रदान गरिरहेको बैंकिङ्ग सेवा सुविधालाई थप बृहत बनाउन एवं परिष्कृत सेवा प्रदान गर्न । |



ISO 9001 Certified Bank
1214140

Registered Office
Trade Tower Nepal, Thapathali, Kathmandu
Tel: 977-1-5111177/78/79/88 Fax: 977-1-5111180
Swift: NICENPKA www.nicasiabank.com
नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्रप्राप्त संस्था

| विद्यमान व्यवस्था | प्रस्तावित व्यवस्था | कैफियत |
|---|---|---|
| (खग) नयाँ थप | (खग) बैंकले आवश्यकता अनुसार प्रचलित कानून बमोजिमको प्रक्रिया पुरा गरी नियामक निकायहरुको स्वीकृति लिई बैंक आफैले वा बैंकले सहायक कम्पनी खोली वा बैंकले अन्य संस्थासँग सहकार्य गरी वा बैंकले एजेन्ट नियुक्त गरी विद्युतीय भुक्तानी सेवा वा विद्युतीय भुक्तानी प्रदायक सेवा वा वालेट व्यवस्थापन सेवा संचालन गर्ने । | युनिभर्सल बैंकिङ्ग अवधारणा अनुरुप बैंकले प्रदान गरिरहेको बैंकिङ्ग सेवा सुविधालाई थप बृहत बनाउन एवं परिष्कृत सेवा प्रदान गर्न । |
| (खघ) नयाँ थप | (खघ) बैंकले आवश्यकता अनुसार प्रचलित कानून बमोजिमको प्रक्रिया पुरा गरी नियामक निकायहरुको स्वीकृति लिई सहायक कम्पनी स्थापना गरी वा नगरी वा बैंकले अन्य संस्थासँग सहकार्य गरी वा बैंकले एजेन्ट नियुक्त गरी सम्पत्ति व्यवस्थापन (एसेट म्यानेजमेन्ट) सम्बन्धी कार्य गर्न सक्नेछ । | युनिभर्सल बैंकिङ्ग अवधारणा अनुरुप बैंकले प्रदान गरिरहेको बैंकिङ्ग सेवा सुविधालाई थप बृहत बनाउन एवं परिष्कृत सेवा प्रदान गर्न । |
| (खङ) नयाँ थप | (खङ) बैंकले आवश्यकता अनुसार प्रचलित कानून बमोजिमको प्रक्रिया पुरा गरी नियामक निकायहरुको स्वीकृति लिई कुनै स्वदेशी वा विदेशी फर्म, कम्पनी, संघ संस्थासँग संयुक्त लगानी गरी वा नगरी वा बैंकको सहायक कम्पनी स्थापना गरी जीवन बीमा सम्बन्धी व्यवसाय गर्न सक्नेछ । | युनिभर्सल बैंकिङ्ग अवधारणा अनुरुप बैंकले प्रदान गरिरहेको बैंकिङ्ग सेवा सुविधालाई थप बृहत बनाउन एवं परिष्कृत सेवा प्रदान गर्न । |
| (खच) नयाँ थप | (खच) बैंकले आवश्यकता अनुसार प्रचलित कानून बमोजिमको प्रक्रिया पुरा गरी नियामक निकायहरुको स्वीकृति लिई कुनै स्वदेशी वा विदेशी फर्म, कम्पनी, संघ संस्थासँग संयुक्त लगानी गरी वा नगरी वा बैंकको सहायक कम्पनी स्थापना गरी निर्जीवन बीमा सम्बन्धी व्यवसाय गर्न सक्नेछ । | युनिभर्सल बैंकिङ्ग अवधारणा अनुरुप बैंकले प्रदान गरिरहेको बैंकिङ्ग सेवा सुविधालाई थप बृहत बनाउन एवं परिष्कृत सेवा प्रदान गर्न । |
| (खछ) नयाँ थप | (खछ) बैंकले आवश्यकता अनुसार प्रचलित कानून बमोजिमको प्रक्रिया पुरा गरी नियामक निकायहरुको स्वीकृति लिई कुनै स्वदेशी वा विदेशी फर्म, कम्पनी, संघ संस्थासँग संयुक्त लगानी गरी वा नगरी वा बैंकको सहायक कम्पनी स्थापना गरी वा बैंकले अन्य संस्थाहरुसँग सहकार्य गरी वा बैंकले एजेन्ट नियुक्त गरी बैंकिङ्ग तालिम सम्बन्धी व्यवसाय गर्न सक्नेछ । | युनिभर्सल बैंकिङ्ग अवधारणा अनुरुप बैंकले प्रदान गरिरहेको बैंकिङ्ग सेवा सुविधालाई थप बृहत बनाउन एवं परिष्कृत सेवा प्रदान गर्न । |





Registered Office
Trade Tower Nepal, Thapathali, Kathmandu
Tel: 977-1-5111177/78/79/88 Fax: 977-1-5111180
Swift: NICENPKA www.nicasiabank.com
नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्रप्राप्त संस्था

| विद्यमान व्यवस्था | प्रस्तावित व्यवस्था | कैफियत |
|---|---|---|
| (खज) नयाँ थप | (खज) बैंकले आवश्यकता अनुसार प्रचलित कानून बमोजिमको प्रक्रिया पुरा गरी नियामक निकायहरुको स्वीकृति लिई कुनै स्वदेशी वा विदेशी फर्म, कम्पनी, संघ संस्थासँग संयुक्त लगानी गरी वा नगरी वा बैंकको सहायक कम्पनी स्थापना गरी वा बैंकले अन्य संस्थाहरुसँग सहकार्य गरी वा बैंकले एजेन्ट नियुक्त गरी वा नगरी Lifestyle Banking (App Channel, Web Channel, Social Media Channel, Open Banking एवं अन्य Lifestyle Banking सम्बन्धी Products/ Services) सम्बन्धी व्यवसाय गर्न सक्नेछ । | युनिभर्सल बैंकिङ्ग अवधारणा अनुरुप बैंकले प्रदान गरिरहेको बैंकिङ्ग सेवा सुविधालाई थप बृहत बनाउन एवं परिष्कृत सेवा प्रदान गर्न । |
| (खझ) नयाँ थप | (खझ) बैंकले आवश्यकता अनुसार प्रचलित कानून बमोजिमको प्रक्रिया पुरा गरी नियामक निकायहरुको स्वीकृति लिई कुनै स्वदेशी वा विदेशी फर्म, कम्पनी, संघ संस्थासँग संयुक्त लगानी गरी वा नगरी वा बैंकको सहायक कम्पनी स्थापना गरी वा बैंकले अन्य संस्थाहरुसँग सहकार्य गरी वा बैंकले एजेन्ट नियुक्त गरी वा नगरी Digital Transformation (Paperless Organization, Robotic Process Automation, Cloud Competency, Customer Relationship Management, Business Process Management, Third Party Collaborations, एवं अन्य Digital Transformation Projects) सम्बन्धी व्यवसाय गर्न सक्नेछ । | युनिभर्सल बैंकिङ्ग अवधारणा अनुरुप बैंकले प्रदान गरिरहेको बैंकिङ्ग सेवा सुविधालाई थप बृहत बनाउन एवं परिष्कृत सेवा प्रदान गर्न । |
| (खञ) नयाँ थप | (खञ) बैंकले आवश्यकता अनुसार प्रचलित कानून बमोजिमको प्रक्रिया पुरा गरी नियामक निकायहरुको स्वीकृति लिई कुनै स्वदेशी वा विदेशी फर्म, कम्पनी, संघ संस्थासँग संयुक्त लगानी गरी वा नगरी वा बैंकको सहायक कम्पनी स्थापना गरी वा बैंकले अन्य संस्थाहरुसँग सहकार्य गरी वा बैंकले एजेन्ट नियुक्त गरी वा नगरी Information Technology (Core Banking System, IT Network & System Administration, Disaster Recovery, Hardware Support, EFT Switch Management, QR Switch | युनिभर्सल बैंकिङ्ग अवधारणा अनुरुप बैंकले प्रदान गरिरहेको बैंकिङ्ग सेवा सुविधालाई थप बृहत बनाउन एवं परिष्कृत सेवा प्रदान गर्न । |



ISO 9001 Certified Bank
001214142

Registered Office
Trade Tower Nepal, Thapathali, Kathmandu
Tel: 977-1-5111177/78/79/88 Fax: 977-1-5111180
Swift: NICENPKA www.nicasiabank.com
नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्रप्राप्त संस्था

| विद्यमान व्यवस्था | प्रस्तावित व्यवस्था | कैफियत |
|---|---|---|
| | Management, Third Party Collaborations एवं अन्य IT Projects) सम्बन्धी व्यवसाय गर्न सक्नेछ । | |
| (खट) नयाँ थप | (खट) बैंकले आवश्यकता अनुसार प्रचलित कानून बमोजिमको प्रक्रिया पुरा गरी नियामक निकायहरुको स्वीकृति लिई कुनै स्वदेशी वा विदेशी फर्म, कम्पनी, संघ संस्थासँग संयुक्त लगानी गरी वा नगरी वा बैंकको सहायक कम्पनी स्थापना गरी वा बैंकले अन्य संस्थाहरुसँग सहकार्य गरी वा बैंकले एजेन्ट नियुक्त गरी वा नगरी Information Security (Application Security, Network Security, IT Operations Security एवं अन्य Cyber Security related) सम्बन्धी व्यवसाय गर्न सक्नेछ । | युनिभर्सल बैकिङ्ग अवधारणा अनुरुप बैंकले प्रदान गरिरहेको बैकिङ्ग सेवा सुविधालाई थप बृहत बनाउन एवं परिष्कृत सेवा प्रदान गर्न । |

## एन आई सी एशिया बैंक लि. को नियमावलीमा

प्रस्तावित संशोधन/थपको तीन महले विवरण

| विद्यमान व्यवस्था | प्रस्तावित व्यवस्था | कैफियत |
|---|---|---|
| **२. बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय रहने ठेगाना:** | **२. बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय रहने ठेगाना:** | |
| (२) यस बैंकको कारोवार गर्ने स्थान नेपाल राष्ट्र बैंकको स्वीकृति अनुसार शाखा, **उपशाखा** वा अन्य कार्यालय खोली नेपालभित्र वा बाहिर **रहनेछ।** | (२) यस बैंकको कारोवार गर्ने स्थान नेपाल राष्ट्र बैंकको स्वीकृति अनुसार शाखा, **प्रादेशिक कार्यालय, वा आवश्यकता अनुसार** अन्य कार्यालयहरु खोली नेपालभित्र वा बाहिर **राख्न सकिनेछ।** | नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम प्रादेशिक कार्यालयको व्यवस्था गर्न । |
| **८. संचालकको नियुक्ति, संख्या र कार्यकाल:** | **८. संचालकको नियुक्ति, संख्या र कार्यकाल:** | |
| (२) यस बैंकमा **महिला शेयरधनी रहेको अवस्थामा** एकजना महिला सञ्चालक हुने गरी ७ जनाको सञ्चालक समिति हुनेछ । सो समितिमा समूहगत प्रतिनिधित्व | (२) यस बैंकमा एकजना महिला सञ्चालक हुने गरी ७ जनाको सञ्चालक समिति हुनेछ । सो समितिमा समूहगत प्रतिनिधित्व देहाय बमोजिम हुनेछ : | व्यवस्था कार्यान्वयनमा आइसकेको हुनाले नियमावलीलाई समयानुकुल परिमार्जन गर्न । |





Registered Office
Trade Tower Nepal, Thapathali, Kathmandu
Tel: 977-1-5111177/78/79/88 Fax: 977-1-5111180
Swift: NICENPKA www.nicasiabank.com
नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्रप्राप्त संस्था

NIC ASIA

एन आई सी एशिया बैंक लि.

| विद्यमान व्यवस्था | प्रस्तावित व्यवस्था | कैफियत |
|---|---|---|
| देहाय बमोजिम हुनेछ : | | |
| (क) संस्थापक समूह (समूह क) का शेयरधनीहरुवाट आपसी समभदारीवाट मनोनित वा निर्वाचित ३ जना । | (क) संस्थापक समूह (समूह क) का शेयरधनीहरुवाट आपसी समभदारीवाट मनोनित वा निर्वाचित ३ जना । | |
| (ख) सर्वसाधारण समूह (समूह ख) का शेयरधनीहरुवाट निर्वाचित ३ जना । | (ख) सर्वसाधारण समूह (समूह ख) का शेयरधनीहरुवाट निर्वाचित ३ जना । | |
| (ग) प्रचलित बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐनले तोके बमोजिमको योग्यता तथा अनुभव भएको स्वतन्त्र सञ्चालक १ जना । | (ग) प्रचलित बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐनले तोके बमोजिमको योग्यता तथा अनुभव भएको स्वतन्त्र सञ्चालक १ जना । | |
| यस बैंकको बीसौं वार्षिक साधारण सभाबाट ४ वर्षको कार्यकालको लागि निर्वाचित भएका संचालकहरु र यस अघि नै प्रचलित कानून बमोजिम नियुक्त भै सकेका स्वतन्त्र संचालकको पदावधि (कार्यकाल) पूरा भए पश्चात मात्र महिला संचालक सम्वन्धी व्यवस्था लागु हुनेछ । साथै कुनै कारणवश कुनै संचालकको पद रिक्त हुन आएमा निजको बाँकी पदावधीको लागि नियुक्त हुने संचालकको हकमा समेत उपरोक्त व्यवस्थाले बाधा पुगेको मानिने छैन । | | |

२. विपयसूचि (२) अन्तर्गत प्रबन्धपत्र र नियमावली संशोधन स्वीकृतिको कममा नियमनकारी निकायबाट कुनै फेरबदल, थपघट गर्न निर्देशन वा सुझाव भएमा सोही बमोजिम गर्न सञ्चालक समितिलाई वा

सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रत्यायोजन गर्ने विशेष प्रस्ताव पारित गरियोस् भनी निर्णयार्थ पेश भएको विशेष प्रस्ताव सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

३. विषयसूचि (३) अन्तर्गत मिति २०७८/०७/१० मा सम्पन्न सञ्चालक समितिको ५१२औं बैठकले बैंकको स्वतन्त्र सञ्चालकको पदमा ललितपुर जिल्ला, ललितपुर महानगरपालिका, वडा नं. २, सानेपा बस्नुहुने श्रीमति विजया स्वारलाई नियुक्त गर्ने निर्णय गरेकोमा सो लाई अनुमोदन गर्ने विशेष प्रस्ताव पारित गरियोस् भनी निर्णयार्थ पेश भएको विशेष प्रस्ताव सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

**(ग) विविध**

विषयसूची विविध अन्तर्गत बैंकका सञ्चालकद्वय श्री रामचन्द्र संघईज्यू र श्री विनोद कुमार प्याकुरेलज्यू विशेष कामले विदेश भ्रमणमा रहनु भएकोले बैंकको चौबीसौं साधारण सभामा सहभागी हुन नसक्नुभएको, सञ्चालकद्वयले बैंकको चौबीसौं साधारण सभा सफलतापूर्वक सम्पन्न होस् भनी शुभकामना प्रदान गर्नुभएको, तथा सर्वसाधारण शेयरधनीको तर्फबाट प्रतिनिधित्व गर्नुहुने सञ्चालक श्री बिनोद कुमार प्याकुरेलज्यूले बैंकको सर्वसाधारण शेयरधनीहरु प्रति कृतज्ञता ज्ञापन गर्नुभएको जानकारी कार्यक्रम संचालनकर्ताले सभालाई गराउनुभयो ।

साथै, छलफलको लागि अन्य कुनै विषय नभएकोले साधारण सभाको कार्यक्रम संचालनकर्ताले उपस्थित सबैलाई धन्यवाद दिँदै आजको सभा बिसर्जन गर्न अध्यक्षज्यूलाई अनुरोध गर्नुभयो ।

## १३. धन्यवाद ज्ञापन तथा सभा विसर्जन :

अध्यक्षज्यूले बैंकको चौबीसौं साधारण सभामा सहभागी भई, आफ्नो अमूल्य राय सुझाव दिई साधारण सभा सफलतापुर्वक सम्पन्न गर्न सहयोग गरिदिनुभएकोमा आदरणीय शेयरधनी महानुभावहरुलाई विशेष धन्यवाद ज्ञापन गर्नुभयो । त्यसैगरी, विगत २१ वर्षदेखि अनवरत रुपमा यस बैंकलाई सञ्चालकको रुपमा अतुलनीय योगदान पुऱ्याई आजको अवस्था सम्म ल्याई पुऱ्याउन विशेष भुमिका निर्वाह गर्नुहुने सञ्चालक श्री राजेन्द्र प्रसाद अर्यालज्यू तथा विगत १२ वर्ष भन्दा बढी समय देखि अनवरत रुपमा यस बैंकलाई अनुकरणीय योगदान पुऱ्याई आजको अवस्था सम्म ल्याई पुऱ्याउन विशेष भुमिका निर्वाह गर्नुहुने सञ्चालक श्री बिनोद कुमार प्याकुरेलज्यूको योगदानको उच्च कदर गर्दै विशेष धन्यवाद दिनुभयो । साथै, आगामी दिनहरुमा पनि सबैले यस्तै साथ, सहयोग र हौसला प्रदान गर्नुहुनेछ भन्ने अपेक्षा राख्दै उपस्थित सबै महानुभावहरु, नियामक निकायका प्रतिनिधीज्यूहरु, सञ्चालकज्यूहरु, प्रमुख कार्यकारी अधिकृत, डिएनए ओभरसाइट कमिटिका सदस्यहरु, तथा बैंकका कर्मचारीहरुलाई समेत धन्यवाद ज्ञापन गर्दै बैंकको चौबीसौं वार्षिक साधारण सभा विसर्जन भएको घोषणा गर्नुभयो ।

| | |
|---|---|
| दिपन कार्की | तुलसीराम अग्रवाल |
| कम्पनी सचिव | अध्यक्ष |

मिति : २०७८/१२/२०

अनुसूचि १

## एन आई सी एशिया बैंक लिमिटेडको चौबीसौं वार्षिक साधारण सभामा

### अध्यक्ष श्री तुलसीराम अग्रवालज्यूको मन्तव्य

यस एन आई सी एशिया बैंकको २४ औ वार्षिक साधारण सभामा उपस्थित भई सभाको गरिमा बढाइदिनु भएकोमा आदरणीय शेयरधनी महानुभावहरु, नियमनकारी निकायका प्रतिनिधिज्यूहरु, संचालकज्यूहरु, बैंकका बाह्य लेखापरीक्षक एवं कानुनी सल्लाहकारज्यूहरु, बैंकमा कार्यरत कर्मचारीहरु तथा उपस्थित समस्त बैंक परिवारलाई सधन्यवाद म यस गरिमामय सभामा हार्दिक स्वागत गर्दछु ।

सबै सरोकारवालाहरुको पहिलो रोजाइको बैंक बन्ने एउटै लक्ष्य र साझा गन्तव्यका सहयात्री हामी बैंक परिवार र हाम्रा शेयरधनी महानुभावहरु बिच यस सभामा बैंकको गत वर्षका उपलब्धिहरुको समीक्षा प्रस्तुत गर्न पाउँदा मैले निकै गौरवान्वित महशुश गरेको छु । अब म यहाँहरु समक्ष गत आर्थिक वर्षमा बैंकले हासिल गरेका प्रमुख उपलब्धिहरु पेश गर्ने अनुमति चाहन्छु ।

२०१९ डिसेम्बरबाट विश्वव्यापी रुपमा कोभिड १९ महामारी फैलिएर विश्वभर नकारात्मक प्रभाव परेको तथ्य यहाँहरु सबैलाई विदितै छ । यस विश्वव्यापी महामारीको कारण समग्र अर्थतन्त्रमा नै आएको मन्दीले गर्दा गत वर्ष समेत समग्र बैंकिङ्ग उद्योग र यस बैंकले समेत थुप्रै चुनौतिहरुको सामना गर्नुपर्‍यो । समग्र विश्वलाई नै प्रभावित पारेको कोभिड महामारीको हामीले डटेर सामना गरिरहयौं र हाम्रो अथक प्रयासले समीक्षा अवधिमा ऐतिहासिक व्यवसायिक वृद्धि हासिल गर्न र बैंकको बजार हिस्सा थप बढाउन समेत हामी सफल भयौं । चुनौतिहरुलाई अवसरमा बदल्नु पर्छ भन्ने मान्यताका साथ हामीले कोभिड १९ बाट श्रृजित परिस्थितिलाई समेत व्यवसायिक विस्तारको अवसरमा परिणत गर्न सफल भयौं र समग्रतामा उल्लेख्य सफलता हासिल गर्न हामी सफल भयौं । फलस्वरुप गत आर्थिक वर्षमा आफ्नो व्यवसायमा अभुतपुर्व र विशिष्ट सफलता हासिल गरी Banking Industry मा नै सुनौलो इतिहास रच्न हामी सफल भयौं । हामीले गत आर्थिक वर्षमा कुल रु. ९१.०७ अर्ब कर्जा विस्तार गरी कर्जा वृद्धितर्फ ११.३ प्रतिशतको बजार हिस्सा हासिल गर्‍यौं भने कुल रु. ८९.४१ अर्ब निक्षेप संकलन गरी निक्षेप वृद्धितर्फ १२.५ प्रतिशतको बजार हिस्सा हासिल गर्न सफल भयौं जुन वृद्धि रकमको हिसावले नेपालको ईतिहासकै अहिलेसम्मकै सबैभन्दा उच्च वृद्धि हो । समग्रमा, दीर्घकालिन व्यवसायिक सफलताको श्रृंखलामा गत वर्षको उपलब्धिहरु एक कोसेढुङ्गा सावित हुनेछन् भन्नेमा म विश्वस्त छु ।

- कोभिड १९ को व्यवस्थापन

  कोभिड १९ महामारीका बिच आफ्ना ग्राहकहरुलाई अत्यावश्यक बैंकिङ्ग सेवा प्रभावकारी तवरले प्रदान गर्नु तथा बैंकको शाखा कार्यालयहरुमा Visit गर्नुहुने ग्राहकवर्गहरुलाई सुरक्षाका विविध उपायहरु अवलम्बन गरी संक्रमणबाट जोगाउनु हाम्रो चुनौति रहेको थियो । समीक्षा अवधिमा बैंकले आफ्ना कर्मचारीवर्ग र ग्राहक वर्गलाई कोभिड संक्रमणबाट यथाशक्य सुरक्षित राख्नको लागि छुट्टै Covid-19 Crisis Handling Team को गठन गरी प्रभावकारी रुपमा सुरक्षाका उपायहरुको अवलम्बन भए/नभएको अनुगमन गर्नुका साथै, नेपाल सरकारले तोकेका सुरक्षाका मापदण्डहरु कार्यान्वयन गर्ने/गराउने कार्य युद्धस्तरमा गरेका थियौं । बैंकका ग्राहकवर्ग र कर्मचारीहरुको स्वास्थ्य र सुरक्षाको लागि उक्त Team ले हरेक कार्यालयहरुको अवस्थाको प्रत्यक्ष जानकारी लिई पर्याप्त स्वास्थ्य सामग्रीहरुको व्यवस्था गर्ने, स्वास्थ्य सम्बन्धी मापदण्डहरुको कार्यान्वयनको

अवस्थाको पुनरावलोकन गर्ने, भीडभाड कम गरी सुरक्षित सेवाको प्रत्याभूति गर्ने लगायतका कार्यहरु गरेको थियो । आफ्ना ग्राहकहरुको स्वास्थ्यलाई ध्यानमा राख्दै हामीले ग्राहकवर्गहरुलाई सकेसम्म शाखामा Visit गर्नै नपर्ने गरी अधिकतम सेवाहरु Digital माध्यमबाट प्रवाह हुने व्यवस्था समेत मिलाएका थियौं । ग्राहकवर्गहरुलाई डिजिटल माध्यमबाट बैंकले प्रदान गरेका सेवा सुविधाहरुमा कुनै बाधा व्यवधान आइपरेको खण्डमा सहयोग गर्नको लागि Digital Help Desk को समेत स्थापना गर्‍यौं । कर्मचारीहरुलाई Team A र Team B मा विभाजन गरी तथा आवश्यकतानुसार Work From Home लागु गरी कार्यको व्यवस्थापन गर्दै कर्मचारीहरुलाई सम्पूर्ण सुरक्षाका साथ कार्यालय परिसरमा परिचालन गरी जोखिम न्युनीकरणका उपायहरु अवलम्बन गरी कुशल व्यवस्थापन मार्फत बैंकिङ्ग सेवालाई प्रभावकारी रुपमा निरन्तरता प्रदान गर्न हामी सफल भयौं । हामीले बैंकका सबै कर्मचारीहरुको लागि कोभिड खोप लगाउने कार्यलाई समेत अत्यन्त प्राथमिकताका साथ आवश्यक समन्वय एव सहजीकरण गर्‍यौं ।

- **व्यवसायिक उपलब्धि**

गत वर्ष (आ.व. २०७७/७८) मा हामीले रु. ९१.०७ अर्बले कर्जा विस्तार गरी कर्जाको कुल रकम रु. २६४.८४ अर्ब पुर्‍याउन सफल भएका छौं । समीक्षा अवधिमा कर्जा वृद्धिमा हामीले समग्र बैंकिङ्ग Industry को ११.३ प्रतिशत बजार हिस्सा हासिल गर्न सफल भयौं । त्यसैगरी गत वर्ष हामीले रु. ८९.४१ अर्बले निक्षेप संकलन गरी कुल निक्षेपको कुल रकम रु. ३००.२५ अर्ब पुर्‍याउन सफल भएका छौं । समीक्षा अवधिमा निक्षेप वृद्धिमा हामीले समग्र बैंकिङ्ग Industry को १२.५ प्रतिशत बजार हिस्सा हासिल गर्न सफल भयौं । २०७८ असार मसान्तमा हाम्रो Investment को Volume रु. ४४.५ अर्ब रहेको छ भने Total Asset को आकार रु. ३४६ अर्ब रहेको छ । त्यसैगरी गत आर्थिक वर्षमा बैंकको कुल संचालन आम्दानी रु. ११.३४ अर्ब, कर्जा नोक्सानी व्यवस्था अघिको संचालन मुनाफा रु. ४.८० अर्ब र खुद मुनाफा रु. ३.२५ अर्ब आर्जन गर्न हामी सफल भएका छौं । समग्रमा गत वर्ष हामी Banking Industry मा देशकै सर्वोत्कृष्ट बैंकहरुको सूचिमा कायम रहन सफल भएका छौं भन्ने तथ्य म यहाँहरु समक्ष अत्यन्त गौरवका साथ प्रस्तुत गर्न चाहन्छु ।
हामीले ग्राहकवर्गको बैंकिङ्ग आवश्यकतालाई बुझी सोही अनुरुप उत्कृष्ट बैंकिङ्ग सेवा प्रदान गरी सबै सरोकारवालाहरुको Bank of First Choice बन्ने लक्ष्य लिएर अघि बढीरहेका छौं ।

साथै, समीक्षा अवधी, आर्थिक वर्ष २०७७/२०७८ असार मसान्तमा बैंकले Industry को तुलनामा हासिल गरेका उपलब्धिहरु यहाँहरु समक्ष देहाय बमोजिम राख्न चाहन्छु :

- कुल कर्जा रु. २६४.८४ अर्ब पुर्‍याई बैंक पहिलो स्थानमा रहेको ।
- कुल निक्षेप रु. ३००.२५ अर्ब पुर्‍याई बैंक पहिलो स्थानमा रहेको ।
- ब्याज नपर्ने निक्षेप रु. २४.१२ अर्ब पुर्‍याई बैंक तेस्रो स्थानमा रहेको ।
- बचत निक्षेप रु. ८७.३ अर्ब पुर्‍याई बैंक तेस्रो स्थानमा रहेको ।
- CASA निक्षेप रु. १११.४ अर्ब पुर्‍याई बैंक तेस्रो स्थानमा रहेको ।
- मुद्दति निक्षेप रु. १६३ अर्ब पुर्‍याई बैंक पहिलो स्थानमा रहेको ।
- कुल ब्याज आम्दानी रु. २३.५६ अर्ब पुर्‍याई सहित बैंक पहिलो स्थानमा रहेको ।
- खुद ब्याज आम्दानी रु. ९.२३ अर्ब पुर्‍याई बैंक पहिलो स्थानमा रहेको ।
- संचालन आम्दानी रु. ११.३४ अर्ब पुर्‍याई बैंक तेस्रो स्थानमा रहेको ।
- खुद संचालन नाफा रु. ४.८ अर्ब पुर्‍याई बैंक छैठौं स्थानमा रहेको ।





Registered Office
Trade Tower Nepal, Thapathali, Kathmandu
Tel: 977-1-5111177/78/79/88 Fax: 977-1-5111180
Swift: NICENPKA www.nicasiabank.com
नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्रप्राप्त संस्था

- खुद नाफा रु. ३.२५ अर्ब पुर्याई बैंक सातौं स्थानमा रहेको ।
- प्रति शेयर आम्दानी रु. २८.१८ पुऱ्याई बैंक चौथो स्थानमा रहेको ।
- Return on Equity १७.०९% सहित बैंक पहिलो स्थानमा रहेको ।

- **जोखिम व्यवस्थापन**

कोभिड १९ महामारीले श्रृजना गरेको चुनौतिहरुको प्रभावकारी तवरले सामना गरी व्यवसायलाई निरन्तरता प्रदान गर्नु एक ज्यादै कठिन कार्य रहेको भएता पनि समग्र बैंकमा Enterprise Level Risk Management Approach कार्यान्वयन गरी आफ्नो कर्जा, निक्षेप, लगानी र कारोबारहरु सम्बन्धी जोखिम प्रभावकारी रुपले व्यवस्थापन गर्न हामी सफल भएका छौं । साथै, हामीले बैंकमा श्रृजना हुने कर्जा जोखिम, संचालन जोखिम र बजार जोखिमहरु नियन्त्रण गर्नका लागि जोखिम मापन, अनुगमन र व्यवस्थापन गर्ने संयन्त्रहरुको प्रभावकारी कार्यान्वयन गरेका छौं । बैंकको ७२ प्रतिशत कर्जा रु. १ करोड भन्दा कम रहेको छ । त्यसैगरी, बैंकको कुल कर्जा मध्ये Non Corporate कर्जाको अंश ९४ प्रतिशत रहेको छ, जुन समग्र बैंकहरुमध्ये सबैभन्दा उत्कृष्ट हो । कुल कर्जामा Top 10 borrowers को अंश केवल २ प्रतिशतको हाराहारीमा रहेको छ । बैंकले अवलम्बन गरेको कर्जा Portfolio तर्फका यस्ता रणनीतिले कोभिड १९ को अत्यन्त जोखिमपूर्ण परिस्थितिको बिच समेत बैंकलाई सम्भावित कर्जा नोक्सानीबाट जोगाउन हामी सफल भयौं । साथै, निक्षेपमा हामीले चल्ती निक्षेप र बचत निक्षेपमा बढी केन्द्रित रहेका छौं । समीक्षा अवधिमा बैंकले ४३५,५८५ नयाँ बचत खाताहरु खोली कुल निक्षेपमा बचत निक्षेपको अंश ३० प्रतिशत पुऱ्याउन सफल भएका छौं । हामी कर्जा र निक्षेप दुबैमा Granular Portfolio निर्माण गर्न सफल भएका छौं, जसबाट बैंकको जोखिम न्यूनिकरण भई बैंकको Portfolio Management सबल र सुदृढ रहेको प्रष्ट हुन्छ । साथै, २०७८ असार मसान्तमा बैंकको कुल निष्कृय कर्जा अनुपात ०.५० प्रतिशतमा सीमित गर्न सफल भएका छौं जुन अन्य बैंकहरुको तुलनामा कम मध्ये रहेको यहाँहरुलाई सगौरव जानकारी गराउँदछु ।

- **डिजिटल फर्स्ट बैंक बन्ने हाम्रो आकांक्षा र प्रविधिको प्रयोग**

हरेक प्रकारका ग्राहकहरुको आजको आवश्यकता डिजिटल बैंकिङ्ग बन्दै गईरहेको तथ्यलाई हृदयङ्गम गर्दै हामी ग्राहकवर्गको बैंकिङ्ग आवश्यकताको परिपूर्ति डिजिटल माध्यमबाट गराउन हरसम्भव प्रयास गरिरहेका छौं । विश्वव्यापी रुपमा फैलिएको कोभिड १९ महामारीले समेत ग्राहकवर्गलाई डिजिटल बैंकिङ्गका सेवा सुविधाहरुको प्रयोग गर्न प्रेरित गरेको छ । हामीले Digital First Bank बन्ने लक्ष्य लिँदै बैंकमा Digital Universe श्रृजना गर्ने उद्देश्यले लागि परेका छौं । Digital Universe भन्नाले सूचना प्रविधिको उपयुक्त प्रयोग गरी लाइफस्टाइल बैंकिङ्को अवधारणामा केन्द्रित भई बैंकको सम्पूर्ण कार्यहरु डिजिटल माध्यमबाट सम्पन्न गर्ने एवं बैंकले ग्राहकवर्गलाई प्रदान गर्ने सम्पूर्ण सेवा सुविधाहरु डिजिटल प्रविधिको प्रयोग गरी ग्राहकवर्गलाई सहज रुपमा उपलब्ध गराउने हाम्रो एउटा नवीनतम सोच हो । समीक्षा अवधिमा हामी विभिन्न Digital Platform मार्फत हुने Digital कारोबारहरुमा उल्लेखनीय वृद्धि गर्न सफल भएका छौं । आर्थिक वर्ष २०७७/७८ को असार मसान्त सम्ममा हाम्रो कुल कारोबारहरु मध्ये ७९ प्रतिशत कारोबार डिजिटल माध्यमबाट हुने गरेको तथ्य समेत यहाँहरुलाई सहर्ष जानकारी गराउन चाहन्छु ।

- समीक्षा अवधिमा हामीले २,८८,९१६ नयाँ Mobile Banking ग्राहकहरु हासिल गरी कुल Mobile Banking ग्राहक संख्या १४,२६,५०८ पुऱ्याउन सफल भएका छौं । Mobile Banking मा समग्र Industry मा हाम्रो बजार हिस्सा ११.२९ प्रतिशत रहेको छ । समीक्षा अवधिमा बैंकको Mobile Banking ग्राहकहरुको संख्यामा गत वर्षको तुलनामा २५ प्रतिशतले वृद्धि भएको छ ।

- समीक्षा अवधिमा हामीले २,४५,६०३ नयाँ Debit Card ग्राहकहरु हासिल गरी कुल Debit Card ग्राहक संख्या ११,२९,७४२ पुऱ्याउन सफल भएका छौं । Debit Card मा समग्र Industry मा हाम्रो बजार हिस्सा १३.३५ प्रतिशत रहेको छ । समीक्षा अवधिमा बैंकको Debit Card को संख्यामा गत वर्षको तुलनामा २८ प्रतिशतले वृद्धि भएको छ ।
- समीक्षा अवधिमा हामीले कुल Point of Sale ग्राहक संख्या ३,६९० पुऱ्याउन सफल भएका छौं । POS मा समग्र Industry मा हाम्रो बजार हिस्सा १० प्रतिशत रहेको छ ।
- समीक्षा अवधिमा हामीले ४०,२३४ नयाँ QR ग्राहकहरु हासिल गरी कुल QR ग्राहक संख्या ५५,२७४ पुऱ्याउन सफल भएका छौं । QR मा समग्र Industry मा हाम्रो बजार हिस्सा अनुमानित ११ प्रतिशत रहेको छ । समीक्षा अवधिमा बैंकको QR को संख्यामा गत वर्षको तुलनामा २६७.५ प्रतिशतले वृद्धि भएको छ ।
- समीक्षा अवधिमा हामीले ५,७४० नयाँ E-Commerce ग्राहकहरु हासिल गरी कुल E-Commerce ग्राहक संख्या ८०,१८४ पुऱ्याउन सफल भएका छौं । E-Commerce मा समग्र Industry मा हाम्रो बजार हिस्सा अनुमानित ९ प्रतिशत रहेको छ । समीक्षा अवधिमा बैंकको E-Commerce को संख्यामा गत वर्षको तुलनामा ८ प्रतिशतले वृद्धि भएको छ ।

Digital Banking मा यस बैंकको बजार हिस्सा समग्र बैंकिङ्ग Industry मा सबैभन्दा बढी रहेको छ । आगामी वर्षहरुमा समेत नयाँ नयाँ Digital Banking Products/ Platforms/ Avenues हरुको विकास तथा अवलम्बन गरी बढी भन्दा बढी नवीनतम सेवाहरु डिजिटल माध्यमबाट प्रवाह गर्ने लक्ष्य लिई हामी अघि बढीरहेको तथ्य यहाँहरु समक्ष राख्न चाहन्छु ।

डिजिटल फर्स्ट बन्ने हाम्रो चाहना पुरा गर्नको लागि भरपर्दो र पछिल्लो प्रविधिको पूर्वाधारमा लगानी गर्नुपर्ने मान्यतालाई हामीले मनन् गरेका छौं । सोही मान्यता बमोजिम समीक्षा अवधिमा हामीले बैंकलाई यथासक्य प्रविधिउन्मुख बनाउनको लागि Human Resource Management System, Customer Relationship Management, Business Intelligence and Analytic Solution, iServe Solution लगायतका Software हरु कार्यान्वयन गर्‍यौं भने बैंकलाई Competitive Edge प्रदान गर्ने EFT Switch, Business Process Management, AML/CFT Solution लगायतका Software हरु कार्यान्वयनको चरणमा रहेको यहाँहरुलाई जानकारी गराउन चाहन्छु । यसरी हामीले Latest Technology लाई प्रयोग गरी बैंकले प्रदान गर्ने सेवाहरु अझ बढी सहज, सबल, गतिशिल, विश्वसनीय र उत्तरदायी बनाउने र सेवा प्रवाह लागत तथा सेवाको गुणस्तरमा तात्विक सुधार गर्दै दीर्घकालमा शेयरधनीहरुको प्रतिफलमा वृद्धि गर्ने हाम्रो लक्ष्य रहेको समेत यहाँहरुलाई सहर्ष जानकारी गराउँदछु ।

- **शेयरधनीहरुको प्रतिफल**

हाम्रा शेयरधनीहरुनै बैंकको असली हिस्सेदारहरु हुन् भन्ने मान्यतालाई अंगिकार गरी हामी हरदम शेयरधनीहरुको सम्पत्ति अभिवृद्धि (Shareholder's Wealth Maximization) गर्ने उद्धेश्यका साथ अगाडि बढीरहेका छौं । समीक्षा अवधिमा बैंकले Return on Equity १७.०९ प्रतिशत आर्जन गर्न सफल भएको छ जुन समग्र Industry मा सबैभन्दा बढी रहेको छ । यसबाट हामीले आफ्नो पूँजीको अत्यन्त प्रभावकारी रुपमा परिचालन गरिरहेका छौं भन्ने तथ्य समेत प्रष्ट हुन्छ ।



Registered Office
Trade Tower Nepal, Thapathali, Kathmandu
Tel: 977-1-5111177/78/79/88 Fax: 977-1-5111180
Swift: NICENPKA www.nicasiabank.com
नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्रप्राप्त संस्था

ISO 9001 Certified Bank
001214149

- **बैंकको शाखा सञ्जाल**

विगत केही वर्षहरु देखि शाखा सञ्जालमा हामी समग्र Industry मा पहिलो Number मा रहिरहेका छौं । जसका कारण हाम्रा ग्राहकहरुले देशको कुना कुनाबाट बैंकिङ्ग सेवा प्राप्त गरिरहनुभएको छ र सहज रुपमा विभिन्न Banking Channel हरु प्रयोग गरिरहनुभएको छ भन्ने तथ्य यहाँहरु समक्ष राख्न चाहन्छु । समीक्षा अवधिको अन्त्य सम्ममा यस बैंकका ३५६ शाखा, ७० एक्सटेन्सन काउन्टर, ४७१ एटीएम तथा ८१ शाखा रहित बैंकिङ्गहरु रहेका छन् । हाम्रो बैंकले देशको हिमाल, पहाड र तराईका सबै प्रमुख क्षेत्रहरुमा आफ्नो पहुँच र सेवा विस्तार गरेको छ जसका कारण ग्राहकवर्गलाई हाम्रो बैंकसँग सेवा लिन थप सहज भएको छ । हामीले देशका १३ दुर्गम जिल्लाहरु मध्ये ११ जिल्लाहरुमा कुल १३ शाखाहरु स्थापना गरी बैंकिङ्ग सेवा विस्तार गरेका छौं भन्ने तथ्य यहाँहरु समक्ष म अत्यन्त गौरवका साथ राख्न चाहन्छु ।

- **सामाजिक उत्तरदायित्व**

देशको एक ठूलो संस्था भएको हुनाले यस बैंकको सामाजिक उत्तरदायित्वहरु समेत रहेको छ भन्ने कुरा हामीले राम्ररी मनन् गरेका छौं । हामीले निरन्तर रुपमा देशका विपन्न, गरीब, वृद्ध, अनाथ र पिछडीएका समुदायहरुको लागि शिक्षा, स्वास्थ्य र जिविकोपार्जन गर्ने आधारहरु निर्माण र संरक्षण गर्नका लागि लगानी गर्दै आएका छौं । वातावरण संरक्षण, सरसफाई, धार्मिक क्षेत्रको संवर्द्धन गर्ने कार्यहरु समेत हामीले गर्दै आइरहेका छौं । समीक्षा अवधिमा हामीले संस्थागत सामाजिक उत्तरदायित्वको कोषबाट कुल रु. ३.०२ करोड विभिन्न क्षेत्रमा लगानी गरेका छौं । जस अन्तर्गत हामीले प्रमुख रुपमा समृद्ध नेपाल सुखी नेपाली परियोजना, प्राकृतिक प्रकोपबाट पिडितहरुलाई सहयोग, सांस्कृतिक उत्थान, शिक्षा, विपन्न वर्गलाई सहयोग, स्वास्थ्य, सामाजिक सेवा लगायत कोभिड १९ को जोखिम व्यवस्थापन/ न्युनीकरण गर्ने लगायतका क्षेत्रहरुमा संस्थागत सामाजिक कोषको लगानी गरेका छौं । साथै, समीक्षा अवधिमा हामीले प्रत्यक्ष कर र अप्रत्यक्ष कर सहित करीब ३ अर्ब १६ करोड रुपैयाँ भन्दा बढी राजश्व नेपाल सरकारलाई भुक्तानी गरी जिम्मेवार करदाताको कर्तव्य बहन गरेको तथ्य यहाँहरु समक्ष गौरवका साथ प्रस्तुत गर्न चाहन्छु । साथै, आर्थिक वर्ष २०७७/७८ मा यस बैंकले नेपाल सरकारलाई बुझाएको राजश्वको रकम समग्र वाणिज्य बैंकहरुमध्ये दोस्रो र देशको सम्पूर्ण संघ संस्थाहरुमध्ये छैठौंमा रहेको यथार्थ तथ्य यहाँहरुलाई सहर्ष जानकारी गराउँदछु ।

सामाजिक उत्तरदायित्व बहन गरी देश र समाजप्रतिको आफ्नो जिम्मेवारी पुरा गर्न हामी सदा अग्रसर रहेको तथ्य समेत यहाँहरु समक्ष राख्न चाहन्छु ।

- **कर्मचारीहरुको वृत्ति विकास**

बैंकको उद्धेश्य हासिल गर्नको लागि दक्ष र अनुभवी कर्मचारीहरुको आवश्यकता हुने हुनाले हाम्रा कर्मचारीहरुको सीप, दक्षता र क्षमता अभिवृद्धि गर्ने तथा बैंकको हरेक तहमा Competent Successors निर्माण गर्ने रणनीतिक उद्धेश्यका साथ हामी अगाडि बढीरहेका छौं । साथै, बैंकलाई दीर्घकालिन रुपमा सबल नेतृत्व प्रदान गर्नको लागि Future Leader हरु पहिचान गर्ने, कर्मचारीहरुलाई अन्तर्राष्ट्रिय स्तरको तालिमहरुमा सहभागी गराई दक्ष जनशक्ति निर्माण गर्ने कार्यहरु बैंकको प्राथमिकतामा रहेको तथ्य यहाँहरु समक्ष राख्न चाहन्छु । बैंकलाई विशेष योगदान दिने कर्मचारीहरुलाई बैंकले समेत निजको Career Development मा ठोस टेवा पुऱ्याउने तर्फ कुनै कसर बाँकी नराखी पर्याप्त लगानी गरी तथा वृत्ति विकासका पर्याप्त अवसरहरु श्रृजना गरी बैंकको Sustainable Growth लाई सुनिश्चत गरिएको तथ्य सहर्ष यहाँहरुलाई अवगत गराउन चाहन्छु । समीक्षा



ISO 9001 Certified Bank



**Registered Office**
Trade Tower Nepal, Thapathali, Kathmandu
Tel: 977-1-5111177/78/79/88 Fax: 977-1-5111180
Swift: NICENPKA www.nicasiabank.com
नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्रप्राप्त संस्था

अवधिमा बैंकले ४५६ वटा आन्तरिक तालिम र १६२ वटा बाह्य तालिमहरु आयोजना गरेको छ र कर्मचारीहरुको तालिमको लागि हामीले गत वर्ष कुल रु. ४ करोड १३ लाख रकम लगानी गरेका छौं । हामीले हरेक तह, विभाग र प्रदेशका कर्मचारीहरुलाई वृत्ति विकासको लागि समुचित अवसरहरु प्रदान गर्ने गरेका छौं । साथै, समीक्षा अवधिमा हामीले Quality Circle को निर्माण गरी Business Function, Support Function र Control Function मा रहेका Issue हरुलाई वैज्ञानिक रुपमा समाधान गर्ने अभ्यास समेत गरेका छौं । यस बाहेक पनि बैंकको प्रमुख कार्यकारी अधिकृत र उच्च व्यवस्थापनका पदाधिकारीहरुले समय समयमा देशका हरेक प्रदेशमा रहेका प्रादेशिक कार्यालय तथा शाखा कार्यालयहरुको भ्रमण गरी कर्मचारीहरुलाई प्रोत्साहन गर्ने, बैंकको Vision, Mission, NIC ASIAN DNA, बैंकका विभिन्न Ethos आदि प्रति उन्मुख गराउने र व्यवसायिक स्थितिको समीक्षा लिने कार्यहरु समेत गर्ने गरिएको तथ्य यहाँहरुलाई अवगत गराउन चाहन्छु ।

चालु आर्थिक वर्ष २०७८/७९ मा बैंकको व्यवसाय विस्तार गर्नको लागि अझ चुनौतिपूर्ण देखिएको छ । तथापि, हामी बैंकले चालु आर्थिक वर्षको लागि लिएका व्यवसायिक लक्ष्यहरु हासिल गर्न सम्पूर्ण मन, वचन र कर्मले दत्तचित्त भएर लाग्ने छौं र विविध चुनौतिहरुका बावजुद हाम्रा शेयरधनीहरुको सम्पत्तिमा उच्चतम अभिवृद्धि (Optimum Shareholder's Wealth Maximization) गर्न हामी सफल हुनेछौं भन्नेमा हामी विश्वस्त रहेको तथ्य यहाँहरुलाई सहर्ष जानकारी गराउन चाहन्छु ।

- <u>धन्यवाद ज्ञापन</u>

यस एन आई सी एशिया बैंकलाई नेपालको बैंकिङ्ग क्षेत्रमा अग्रणी बैंकको रुपमा स्थापित गराउन अहोरात्र आफ्नो अतुलनीय योगदान दिनुभएका मेरा सञ्चालक साथिहरु, बैंकको प्रमुख कार्यकारी अधिकृत, डिएनए ओभरसाइट कमिटी, उच्च व्यवस्थापनका अन्य पदाधिकारीहरु लगायत विभिन्न तह र तप्काका बैंकका सम्पुर्ण कर्मचारीहरुको योगदानको उच्च प्रशंसा गर्दै वहाँहरुलाई हृदयदेखि नै हार्दिक धन्यवाद दिंदै बैंकको यो प्रगतिमा वहाँहरुको योगदानको उच्च सम्मानका साथ बैंकको यस अभुतपूर्व सफलताको श्रेय वहाँहरुमा समर्पण गर्न चाहन्छु ।

साथै, बैंकलाई यस अवस्थामा ल्याउन उल्लेख्य योगदान दिनुहुने नियामक निकायहरु, शेयरधनी महानुभावहरु, ग्राहकवर्गहरु र विभिन्न सरकारी तथा गैरसरकारी निकायहरु प्रति हार्दिक नमन गर्दै सबै सरोकारवालाहरुबाट भविष्यमा पनि निरन्तर सहयोग प्राप्त हुने अभिलाषाका साथ यहाँहरुलाई हृदय देखि नै हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

धन्यवाद ।

**श्री तुलसीराम अग्रवाल**
**अध्यक्ष**